तातो हावा "लू"बाट जोगिने उपाय
- सकेसम्म दिउँसो घरबाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चीसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरासेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com

जनहितमा जारी सन्देश
- देशको ७२ जिल्लामा डेङ्गु बिरामी देखा परेको छ । डेङ्गु फैलाउने लामखुट्टेले सफा पानीमा फुल पार्छ ।
- सफा पानी धेरै बेरसम्म खुला नराखौं । खाली टायर, गमलामा पनि लार्भा हुर्कन्छ । एसी, कूलरको पानी पनि बेलाबेलामा बदलिराखौं र डेङ्गुबाट बचौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 21 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८९

## अनुदान कटौती भएपछि असारे विकास प्रभावित

प्रस, वीरगंज, ६ असार/

पर्सा जिल्लामा चालू आवमा असारे विकास भएको देखिएको छैन। गत वर्ष असार महीनामा धमाधम विकास निर्माणका कार्यहरू हुने गरेका थिए।

महानगर, तीनवटा नगरपालिका र १० वटा गाउँपालिका गरी १४ वटा पालिकामा अहिले असारे विकासको काम प्रायः ठप्प छ। यसो हुनुको कारण सङ्घ सरकारले २५ प्रतिशत अनुदान सहयोग कटौती गरेको र प्रदेश सरकारले अनुदान सहयोग नपठाएकोले हो।

१४ वटै पालिकामा अनुदान सहयोग कटौती भएको कारण असारे विकास रोकिएको छ। ठोरी गापाका अध्यक्ष लालबहादुर श्रेष्ठले सङ्घ सरकारले दिने अनुदान सहयोगको आधारमा चालू आवमा विकास निर्माणका काम सम्पन्न भएको तर अनुदान सहयोग कटौती भएको हुँदा साढे तीन करोड रुपैयाँ भुक्तानी बाँकी रहेको बताए। उनले अन्य पालिकाको अवस्था पनि यस्तै रहेको बताए।



वीरगंज महानगर–१ प्रगतिनगरमा निर्माण भइरहेको सडक। तस्वीर: नितेश कर्ण

वीरगंज महानगरपालिकाले पनि करोडौं रुपैयाँ भुक्तानी दिन बाँकी छ। ठेकेदारहरू अहिले भुक्तानीको लागि दौडधूप गरिरहेका छन्। तर वीरगंज मनपासँग भुक्तानी गर्ने रकम नहुँदा समस्या भएको छ। सङ्घ सरकारबाट पाउने अनुदान सहयोगमा कटौती भएपछि सबैभन्दा बढी अनुदान सहयोग पाउने महानगरलाई आर्थिक सङ्कट परेको हो।

प्रदेश सरकारले घोषणा गरेको रु २५ करोड पनि पठाएको छैन। यही कारणले अहिले महानगरले यथार्थपरक बजेट ल्याउने जमर्को गरेको छ तर चालू आवको दायित्व अर्को आर्थिक वर्षमा पूरा गर्दा महानगरले आगामी वर्ष पनि विकास निर्माणका कार्यहरू आशाप्रदरूपमा गर्न सक्ने सङ्केत देखा परेको छैन। यद्यपि वडाध्यक्षहरूको विरोधका कारण १ देखि ३२ वडासम्म चालू आवको विनियोजित बजेटमा ३८ प्रतिशत थप गरेर आगामी वर्ष बजेट दिने निर्णय भएको छ। तर पछिल्लो दायित्व नै थुप्रै भएकोले चालू आवसरह पनि वडाहरूलाई बजेट विनियोजन हुने सङ्केत देखिएको छैन।

बजेट नभएपछि थप ३८ प्रतिशत बजेट वडापालिकाले पाउने सम्भावना कम छ। गत आवमा असार महीनामा विकास निर्माण कार्य धमाधम भएका थिए। सडक, नालालगायतका कामहरूले गति पाएका थिए।

यसपटक पर्सा जिल्लाका १४ वटै पालिकामा असारको पहिलो साता बित्न लाग्दा पनि छिटपुटबाहेक विकास निर्माण कार्य हुन सकेको छैन।

## थरुहट सडक निर्माणको लागि सरोकारवालाको बैठक

बलिराम शुक्ला, बिरुवागुठी, ६ असार/

नेपाल सरकार र विश्व बैंकको लागत साझेदारीमा पर्साको ग्रामीण भेगको थरुहट सडक निर्माणसम्बन्धी सरोकारवालाहरूको बैठक सम्पन्न भएको छ।

पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकको अध्यक्षतामा पर्सागढी नपाको सभाहलमा बसेको सरोकारवालाहरूको बैठकमा भौतिक पूर्वाधार मन्त्रालय मधेस प्रदेशका सामाजिकविज्ञ रामबाबू पासवान, प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यालयका वातावरणविज्ञ सरोज श्रेष्ठलगायतको सहभागिता थियो।

पर्सागढी नपा–३ बिरुवाचोक हुँदै बर्वाटाँडी, हरपुर, रमौली, एकटाँगा हुँदै जीराभवानी गापाको बलुवा गाउँसम्म करीब २८ किलोमिटर नालासहितको कालोपत्रे सडक निर्माण सम्बन्धमा पर्सागढीका सरोकारवालाहरूसँग पहिलो चरणको छलफल भएको हो।

छलफलमा सडक निर्माण हुने स्थलमा कसैको जग्गा परेको खण्डमा स्वेच्छिक जग्गादान गर्नुपर्ने, जसको मुआवजा




नपाइने, वातावरणलाई ध्यान दिई सडक निर्माण गर्नुपर्ने र सडक निर्माण गर्दा विभिन्न ठाउँमा शौचालयसहितको प्रतीक्षालय निर्माण गर्नुपर्ने र स्थानीय सरकारले सडक निर्माणमा सहज वातावरण बनाउन स्थानीयहरूसँग मध्यस्थता गर्नुपर्नेलगायतका निर्णय भएको भौतिक पूर्वाधार मन्त्रालय मधेस प्रदेशका सामाजिकविज्ञ पासवानले बताए।

नगरप्रमुख पाठकले थरुहट सडक निर्माणले पर्साको ग्रामीण भेगकै मुहार फेरिने बताए। उनले यस्ता ठूलो योजनाबाट ग्रामीण भेगका लाखौं जनता लाभान्वित हुने हुँदा निर्माण कार्यमा कसैले पनि विवाद नगर्न अनुरोध गरे। उनले निर्माण कार्यमा पालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए।

बैठकमा थरुहट सडकसँग जोडिएका पर्सागढीका स्थानीयवासीहरूको सहभागिता थियो।

## जीतपुरसिमराका महिलाहरूलाई अचार बनाउने तालीम

प्रस, वीरगंज, ६ असार/

सूर्य नेपाल प्रालि, सिमरा, बाराको आर्थिक सहयोगमा चेली कृषि सहकारी संस्था, वीरगंजले जीतपुरसिमरा उपमहानगर–१, २ र ३ मा सञ्चालन गरेको २० दिने अचार बनाउने तालीम बिहीवार समापन भएको छ।




समापन कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालय, बाराका प्रमुख धर्वेन्द्रलाल कर्णले सहभागी महिलाहरूलाई साना उद्योग दर्ता र सञ्चालन विधिबारेमा जानकारी गराएका थिए। उनले महिला सहभागितामा सञ्चालित उद्योगहरू फस्टाउने गरेको कारण महिलाहरूलाई सीप सिकेर साना उद्योग सञ्चालन गर्न सुझाए।

कार्यक्रममा सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले सूर्य नेपालले महिलाहरूलाई सीप सिकाएर विभिन्न पेशामा संलग्न गराउँदै आएको र यो कार्यलाई निरन्तरता प्रदान गर्ने बताए। सीपविना उद्योग व्यवसाय सञ्चालन जोखिमपूर्ण हुने भन्दै उनले सीप सिकाउनका लागि ठूलै धनराशि खर्च हुने हुँदा महिलाहरूले सीप सिके अनुसारको रोजगारमा संलग्न भएको खण्डमा मात्र तालीमको उपयोगिता साबित हुने बताए। उनले सूर्य नेपालले जुत्ता, चप्पल, ब्याग र पर्स बनाउने तालीम दिएका महिलाहरूले सिमरामा समूह बनाएर सो उद्योगहरूलाई अगाडि बढाएको उदाहरण दिए।

कार्यक्रममा तीनवटै वडाबाट तालीम लिएका ६० जना महिलालाई कारखाना व्यवस्थापक श्रेष्ठले प्रमाणपत्र प्रदान गरेका थिए। कार्यक्रममा जीतपुरसिमरा नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष मोहन शर्मा, बारा/पर्सा औद्योगिक करिडरका अध्यक्ष सञ्जय साह, सूर्य नेपालका दिनेश कौशल, दिपेन हङ्ग आङदम्बे, राकेश अर्याल, आशिष अधिकारी, उत्सव ठकुरी, यज्ञबहादुर आले, चेली सहकारीकी अध्यक्ष कमला घिमिरे, प्रशिक्षकहरू नीलम यादव, सरु सुनुवार, सीमा क्षत्री र राममाया लामालगायतको सहभागिता थियो।

## मधेसमा भ्रष्टाचारविरोधी अभियान चलाउँछौं –मातृका यादव

प्रस, परवानीपुर, ६ असार/

नेकपा माओवादी केन्द्रका उपमहासचिव मातृकाप्रसाद यादवले मधेसमा भ्रष्टाचार र कुशासन बढेको बताएका छन्। वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा उनले भ्रष्टाचार र सुशासन कायम गर्नका लागि नयाँ आन्दोलनको सुरुआत गर्नुपर्ने बताए।




वीरगंजमा मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपालको विस्तारित बैठकबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा उनले जनयुद्ध, जनआन्दोलन र विभिन्न आन्दोलनहरूबाट शासन व्यवस्था परिवर्तन भएपनि मधेसको अवस्था अझै पनि उस्तै रहेको र दलाल नोकरशाह पूँजीपति वर्गको कब्जामा देश गएको भन्दै त्यसको भण्डाफोर गर्न मधेसमा भ्रष्टाचारविरोधी कार्यक्रम गर्ने बताए।

मोर्चा इन्चार्जसमेत रहेका नेता यादवले मधेस कङ्गालीको अवस्थामा पुगेको भन्दै राष्ट्रिय पूँजीको विकासविना देशको समृद्धि सम्भव नरहेको र विचार शून्यताहरूको बोलवाला रहेका कारण उत्पीडित वर्ग झन् उत्पीडनमा परेको बताए।

राजनीतिलाई कमाइ खाने साधन बनाएर राजनीति नै फोहोरी खेल हो भन्ने भाष्य सृजना गरी जनतालाई सङ्घीयता र गणतन्त्रको विपक्षमा पार्न

(बाँकी पाँचौं पातामा)

## योग दिवसको अवसरमा पोखरियामा योग शिविर




दिनेश मिश्र, वीरगंज, ६ असार/

अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा भारतीय महावाणिज्य दूतावास वीरगंज र पोखरिया नगरपालिकाले वडा नं ४ शिव मन्दिरमा एक दिने योग शिविरसम्पन्न गरेका छन्।


पोखरिया नपाका प्रमुख प्रद्युम्नप्रसाद चौहानको अध्यक्षतामा भएको कार्यक्रममा भारतीय महावाणिज्य दूतावास, वीरगंजका महावाणिज्यदूत देवीसहाय मीणालगायतको सहभागिता थियो।

पोखरिया नपाका कविराज निरीक्षक धीरेन्द्रप्रसाद सिंहले सहभागीहरूलाई योगका विभिन्न आसनबारे प्रशिक्षण दिएका थिए।

## क्रिकेटर आशिफ शेखको भव्य स्वागत

प्रस, परवानीपुर, ६ असार/

नेपाली राष्ट्रिय क्रिकेटर आशिफ शेखलाई गृहनगर वीरगंजमा भव्य स्वागत गरिएको छ। टी–२० विश्वकप खेलेर स्वदेश फर्केपछि काठमाडौंबाट सिमरा हुँदै उनी वीरगंज आइपुगेका हुन्। साँझ ५ बजे सिमरा पुगेका आशिफलाई नेपाल क्रिकेट सङ्घ, पर्साका अध्यक्ष मनीष सिंहले स्वागत गर्दै फूलमाला र खादा लगाएका थिए।




शेख सवार कारलाई वीरगंज नगरपरिक्रमा गराइएको थियो। गत २ जूनदेखि अमेरिका र वेस्ट इन्डिजमा जारी टी–२० विश्वकपमा नेपालले 'डी' समूह अन्तर्गत चार खेलमध्ये तीन खेल खेलेको थियो भने तीनवटै खेलमा जीतनजीक पुगेर पराजित भएको थियो। टेस्ट राष्ट्रलाई कडा चुनौती पेश गरेको नेपाली टीम आगामी दिनमा टेस्ट मान्यताप्राप्त टीमभन्दा कम हुनेछैन भन्ने खेलप्रेमीहरूको भनाइ छ। क्यान पर्साका अध्यक्ष सिंहले नेपालको प्रदर्शन सराहनीय रहेको बताए।

क्रिकेटर आशिफले नेपालको खेलको दिन नेपाली प्रशंसकहरूले विदेशमा गएर गरेको समर्थन अविष्मरणीय रहेको भन्दै सम्पूर्ण नेपाली दर्शकलाई धन्यवाद दिए। उनले आगामी दिनमा अझै सशक्त भएर खेल्ने र टीमलाई जिताउने प्रतिबद्धता व्यक्त गरे। नगरपरिक्रमाको अवसरमा मधेस प्रदेशका प्रमुख छनोटकर्ता मुर्तुजा हवारी, क्यान पर्साका प्रशिक्षक प्रकाश शर्मा, आशिफ शेखका बाल्यकालका प्रशिक्षक जहुर अन्सारीलगायतको सहभागिता थियो।

## विचारसार र सूक्तिहरू

निन्दा गर्ने मानिसको पहिचान छिटो हुन्छ । प्रेम रसजस्तै मिसिन्छ र घृणा आगोजस्तो फैलन्छ ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# असारे चटारो

सङ्घ र प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेपछि अहिले स्थानीय तह नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने तयारीमा छ । सङ्घ सरकारले आगामी आव २०८१/८२ को लागि गत जेठ १५ गते बजेट प्रस्तुत गरिसकेको छ । पहिले नीति तथा कार्यक्रम प्रस्तुत गरेको थियो । सातवटै प्रदेश सरकारले असार १ गते नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिसकेका छन् । सोहीअनुरूप पालिकाहरूले यही असार १० गतेसम्म नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने तयारी गरिरहेका छन । नीति तथा कार्यक्रम र बजेट निर्माणमा स्थानीय तह व्यस्त छ । यही असार महीनाको २४ गतेसम्म पालिकाहरूले चालू आवको बजेट अनुसारको कार्य सम्पन्न गरी सोको भुक्तानी गरिसक्नुपर्ने दायित्व छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले सूचना जारी गरी असार २४ गतेसम्म भुक्तानी गर्न र त्यसपछि भुक्तानी रोकिने जनाइसकेको छ । गत वर्ष पनि असार २४ गतेसम्म पालिकाहरूले सो आवको भुक्तानी गरिसक्नुपर्ने जनाइएको थियो । गत गर्ष असार २४ गते सबै पालिकाले एकसाथ भुक्तानीका लागि पहल गर्दा सर्भर डाउन भएर थुप्रै पालिकाको काम रोकिएको थियो । त्यसका लागि महीनौं  प्रयास गर्नुपऱ्यो । हामीकहाँ सम्पन्न कामको भुक्तानी समयमा गर्ने चलन छैन । विविध स्वार्थका कारण भुक्तानीमा विलम्ब हुन्छ । गत वर्ष यही नियति भोगेका पालिकाहरू भने यसपटक यो झन्झटबाट मुक्त हुने देखिएका छन् ।

सरकारले अनुदान सहयोगमा कटौती गरेकोले चालू आवमा भुक्तानीको समस्या सायद नहोला । किनभने पालिकाहरूको बजेटभन्दा बढी काम भइसकेको छ र उसले भुक्तानी दिनका लागि खातामा रकम छैन । असार १० गते नयाँ बजेट पारित भएपछि आगामी वर्षको लागि असोज अघि सङ्घले अनुदान सहयोगको पहिलो किस्ता पठाएपछि मात्र पालिकाहरूको खाता चलायमान हुने देखिन्छ । गत आवसम्म भुक्तानीको चटारो थियो । असारमा कामहरू पनि धमाधम भएका थिए भने भुक्तानीका लागि ठेकेदार, उपभोक्ता समितिहरूको पालिकाहरूमा भीड लाग्ने गरेको थियो । अहिले पनि भीड छ तर पुरानो काम गरेको भुक्तानीको लागि । नयाँ काम कसैले पनि जेठ, असारमा गर्नै सकेका छैनन् । सरकारले दिने अनुदान सहयोग समयमा दिने गरेकोले यस अघिका आवहरूमा असारे विकासका कामले प्राथमिकता पाउँदै आएको थियो । अनुदान सहयोगको रकम कोलेनिकामार्फत हुन्छ । असार १० गतेसम्म नीति तथा कार्यक्रम प्रस्तुत नगर्ने पालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्षलगायतका जनप्रतिनिधिहरूलाई पदबाट खारेज गर्ने नियम ल्याए त्यहाँ व्यक्तिगत स्वार्थको र दलीय लडाइँ कहिले हुँदैन । दण्डजरिवाना नभएकैले पालिकाहरूमा जनप्रतिनिधिहरूको मनपरी बढ्दो छ ।

समयमा नीति तथा कार्यक्रम प्रस्तुत गरेका पालिकाहरूलाई समयमा अनुदानबापतको किस्ता पठाउने हो भने पालिकाहरूमा प्रतिस्पर्धा हुन्थ्यो । जसले राम्ररी सञ्चालन गरेको छ, त्यसलाई हौंस्याउने काम सरकारबाट हुन सकेको छैन । नामको लागि मात्र उत्कृष्ट पालिका घोषणा गर्ने होइन, त्यसलाई पुरस्कृत गर्ने र समयमा तोकिएको मापदण्ड अनुसारका काम नगर्ने पालिकाहरूको अनुदान कटौती गर्ने हो भने पालिकाहरूमा देखिएका विकृतिहरूमा केही कमी आउने थियो । राम्रो गर्ने र नराम्रो गर्ने एकै कसीमा मापन हुँदा पनि बेथिति बढेको देखिन्छ । प्रतिस्पर्धात्मक कामको परिणाम राम्रो देखिन्छ । यो अभ्यास किन नगर्ने ?

# बहुआयामिक महत्वको योग

स्वतन्त्र विचार




श्रीमन्नारायण
an_shriman@yahoo.com


**विश्वका अनेकौं देशहरूमा योगप्रति आकर्षण बढिरहेको छ। हाम्रा युवाहरूले यस अवसरबाट लाभ उठाउन सक्छन् । स्वास्थ्य संरक्षक योगलाई हामी सबैले आफ्नो जीवनको अभिन्न अङ्ग बनाउनुपर्छ । योगलाई आफ्नो दिनचर्यामा सामेल गराउनुपर्छ ।**

संयुक्त राष्ट्रसङ्घले २१ जूनलाई अन्तर्राष्ट्रिय योग दिवसको रूपमा मनाउने घोषणा गरेको एक दशक हुन लागेको छ। निश्शुल्क अथवा न्यून खर्चमा शरीरभित्र रहेका अनेकौं रोगको उपचार यसबाट सहजरूपमा सम्भव भएकोले पनि यसप्रति विश्वव्यापी आकर्षण बढेको छ। सनातन धर्म, संस्कृति एवं चिन्तन पद्धतिले विश्व समुदायलाई धेरै थोक दिएको छ। जसमा योग, शाकाहारी जीवनशैली, सत्य, अहिंसाको प्रयोग, परोपकारको भावना, विश्व बन्धुत्व तथा स्वधर्म, समभाव हुन्। नेपाल एवं भारतलगायत विश्वका सयौं देशमा आज योग दिवस मनाइँदैछ । यो हाम्रो धर्म, संस्कृति एवं मान्यताको बढ्दो स्वीकार्यता पनि हो ।

योग हाम्रो विरासत हो। नेपाल एवं भारत दुई छुट्टाछुट्टै स्वतन्त्र अस्तित्वको देश भएपनि हिन्दू धर्म-संस्कृति, पुराण, वेद, उपनिषद्, देवीदेवता, तीर्थस्थल, महान् ऋषिमुनि र महापुरुषहरू हाम्रा निम्ति एक समान पूजनीय एवं प्रातः स्मरणीय रहिआएका छन् । योगको बारेमा पनि विश्वजगत्लाई अवगत गराउने काम विगतमा पनि नभएको होइन तर त्यो साह्रै सीमित थियो ।

पतञ्जलि (ईसापूर्व १८४-१८५)ले योगसूत्र लेखेका थिए । तर योग पतञ्जलिभन्दा पनि प्राचीन हो। मनुष्य एवं ब्रह्माण्डको एकात्मक दर्शनको यो विज्ञान भारतवर्षबाट नै शुरू भएको हो। विश्वका अनेकौं देशले यसलाई अँगाल्ने काम गरे तथा यसलाई योगको ठाउँमा योगा भन्न थाले । सन् १९६०-७० को दशकमा पनि योगबाट हुने फाइदालाई विश्वको कुनाकुनासम्म पुऱ्याउने र सम्झाउने कार्य प्रख्यात योगगुरु परमहंस योगानन्द स्वामी कुवलयानन्द, महर्षि महेश योगी तथा विके आचार्यले गरे । विगत केही दशकदेखि योगगुरु रामदेव तथा उनका नेपाली सहयोगी आचार्य बालकृष्णले यस क्षेत्रमा गरेका कार्य ऐतिहासिक, उल्लेखनीय र प्रशंसनीय छन्। नयाँ पुस्ता योगको नाम सुन्ने बित्तिकै उपरोक्त दुईजनाको अनुहार स्मरण गर्छन् । आफ्नो जमानामा सर्वाधिक लोकप्रिय गितारवादक जर्ज हैरिसनले आफूलाई भारतीय यौगिक क्रियाहरूबाट निकै लाभ पुगेको बताएर पूरै पश्चिमीजगत्लाई चकित पारेका थिए। प्रतिष्ठित पत्रिका टाइमले सन् २००४ मा प्रकाशित गरेको विश्वका सर्वाधिक सय प्रभावकारी व्यक्तिहरूमा योगाचार्य विकेश आर्यघरको नाम पनि राखेको थियो। योगको बारेमा योगदान त सबैको रहेको छ तर यसलाई विश्वव्यापी मान्यता दिलाउने कार्य भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मात्रै गरेका हुन्। उनले नै योगलाई विश्वव्यापी मान्यता दिलाउने अभियानलाई सशक्त एवं प्रभावकारीरूपमा सञ्चालन गरेका र सफलता दिलाएका हुन् । संयुक्त राष्ट्रसङ्घमा योगको बारेमा विश्वजगत्लाई राम्ररी सम्झाउने कार्य उनले नै गरेका थिए र उनको यसै प्रयासको फलस्वरूप संयुक्त राष्ट्रसङ्घले २१ जूनलाई अन्तर्राष्ट्रिय योग दिवसको रूपमा मनाउने घोषणा गऱ्यो।

योगका सूत्रहरूमा आस्था एवं अन्धविश्वासको निम्ति ठाउँ छैन । यो पनि गणित र विज्ञान जस्तै प्रयोगमा आधारित हो । प्रयोगबाट विश्वास गर्न सकिन्छ । दर्शन र विज्ञान सङ्कीर्ण हुन सक्दैन। यो परम स्वास्थ्यको विज्ञान हो तथा अनन्तको दर्शन पनि हो। अस्तित्व असीमित र अनन्त छन्, हामी सबै एकाइ मात्र हौं। जबकि अस्तित्व सम्पूर्ण हो। एकाइ हुनु दुःख हो भने अनन्त हुनु आनन्द हो । योग एकाइमा आनन्दको अनुभूति हुने गर्छ। योगको सोझो अर्थ हो जोड्नु। पतञ्जलिले योगसूत्र लेखेका थिए तर योग पतञ्जलिभन्दा पनि प्राचीन हो । योगको विस्तार एवं प्रभावसँगै यस क्षेत्रको महत्त्व पनि बढेको छ। मिमांसा, न्याय, वैशेषिक, साङ्ख्य, वेदान्त एवं भारतवर्षका साथ प्राचीन दर्शन हुन् । बुद्ध र जैन दर्शनको थालनी पनि यहीबाट भएको हो तर साङ्ख्य एवं योग प्राचीन दर्शन हो। स्वस्थ शरीर एवं एकाग्र मन आदिम अभिलाषा हो। सायद त्यही भएर होला हाम्रा वैदिक ऋषिमुनिहरू सय वर्षसम्म बाँच्ने अभिलाषा गर्थे।

योगको मूल उद्देश्य व्यक्तिको शारीरिक, मानसिक एवं आत्मिक ऊर्जामा वृद्धि गरी व्यक्तिलाई त्यसको क्षमताको उच्चतम बिन्दुसम्म पुऱ्याउनु हो । यसको निम्ति योगले दिशा तथा जोड्नुको सिद्धान्तलाई सँगसँगै लिएर हिंड्ने गर्छ। योग मुख्यतः शरीर, मन एवं आत्मा यी तीनवटालाई कुनै एउटा निश्चित बिन्दुसम्म एकजुट गर्ने प्रक्रिया पनि हो । ऊर्जाका हाम्रा यी तीनवटै उत्पादन केन्द्र बेग्लाबेग्लै दिशामा काम गरिरहेका हुन्छन् तर योग तीनवटैलाई प्राप्त भइरहेको हुन्छ। योगमा मनलाई प्राण (श्वास)सित सामञ्जस्य स्थापित गरिन्छ। यसको परिणामस्वरूप व्यक्ति न केवल शारीरिक, मानसिक एवं आत्मिकरूपमा बढी प्रबल हुन जान्छ, अपितु तिनको शारीरिक स्वास्थ्यमा पनि वृद्धि हुने गर्छ। जब व्यक्ति यी तीनवटैमा नियन्त्रण स्थापित गरी यीमध्ये कुनै पनि काममा आफूलाई लगाउने गर्छ, अनि कार्यको गुणस्तर तथा सङ्ख्याको दृष्टिमा पनि कैयौं गुणा वृद्धि हुन जान्छ। यो नै सूर्यको ऊर्जा एवं योगको पद्धतिसँगको सम्बन्ध पनि हो।

सूर्यलाई ऊर्जाको सबैभन्दा ठूलो एवं अक्षय स्रोत मानिन्छ। पृथ्वीमा उसको लामो उपस्थितिले त्यस दिन सबैभन्दा बढी ऊर्जाको स्रोत प्राप्त हुने विश्वास गरिन्छ । हामी आफ्नो योगको पद्धति एवं त्यसको परिणामलाई सोझोरूपमा ऊर्जासँग जोडेर हेर्ने गर्छौं। योगको अर्थ नै हुन्छ, जोड्नु। ऊर्जामा वृद्धिको पहिलो सिद्धान्त हो, कसैसँग जोडिनु तथा अन्यलाई समेत जोड्नु। जसमा जतिजति जोडिने तथा जोड्न सक्ने योग्यता हुन्छ, त्यो त्यति नै क्षमतावान् पनि कहलिन्छ। ऊर्जामा वृद्धिका निम्ति मात्रै जोडिनु नै पर्याप्त होइन। त्यसलाई दिशा र गतिको पनि आवश्यकता पर्छ । एकापसमा जोडिनेहरूको दिशा पनि एउटै हुनुपर्छ। २१ जूनका दिन पृथ्वीमाथि सूर्यको उपस्थिति निकै लामो समयसम्म हुने गर्छ। सम्भवतः यिनै कारणले होला यसै दिनलाई अन्तर्राष्ट्रिय योग दिवस घोषित गरिएको हुनुपर्छ।

वर्तमान अवस्थामा यौगिक विज्ञान जति महत्त्वपूर्ण साबित भइरहेको छ, यसभन्दा पहिले यो कहिले यति बढी महत्त्वपूर्ण थिएन । वर्तमान अवस्थामा हामीसँग विज्ञान एवं प्रविधिका तमाम साधनहरू उपलब्ध छन्, तिनीहरूले विश्वको निर्माण एवं विनाश दुवै गरिरहेका छन्। यस्तोमा यो निकै महत्त्वपूर्ण हुन जान्छ कि हामी जीवनप्रति जागरूकता एवं यस्तो भाव काममा रहोस् ताकि हामी प्रत्येक प्राणीमा आफ्नो शरीरको अंश भएको अनुभूति गर्न सकौं। अन्यथा आफ्नो सुख एवं भलाइको निम्ति त्यसको पछिपछि दगुर्दै आफ्नो जीवनलाई हामी सखाप मात्र गर्न सक्नेछौं।

विश्वका अनेकौं देश तथा विश्वविद्यालयहरूमा अनुसन्धानमार्फत यो सिद्धान्त प्रतिपादित गरिएको छ कि योग शारीरिक स्वास्थ्य र मानसिक तनावबाट बचाउ गर्नुका साथै मानसिक शान्ति प्रदान गर्नमा पनि सक्षम छ । विश्वप्रसिद्ध अमेरिकी बोस्टन विश्वविद्यालयको स्कूल अफ मेडिसिनद्वारा मे २०१२ मा प्रकाशित मेडिकल हाइपोथिसिस जर्नलमा यो प्रतिपादित गरिएको थियो कि पुरानो रोग तथा दुर्घटनापश्चात् सामान्य हुन तनावमुक्त योग निकै प्रभावशाली साबित हुने गर्छ। किनभने योगले मानव शरीरको 'सेन्ट्रल नर्भस सिस्टम'को आधार मानिएको तन्त्रिकालाई प्रचुर मात्रामा ऊर्जा प्रदान गर्छ । त्यसैगरी, हार्वर्ड विश्वविद्यालयको एक अनुसन्धानले पनि योगलाई यस्ता स्वास्थ्यजन्य रोगको समाधानमा सर्वाधिक सक्षम मानेको छ।

योगले एक किसिमले पश्चिमेली मानसिकताबाट प्रभावित तथाकथित आधुनिक सोचको तीन आयामलाई पनि बदलिदिन्छ जस्तो कि पश्चिमेलीहरूको विचारमा शारीरिक समस्याको समाधान बाहिरबाट हुन्छ भन्ने मान्यता छ। जबकि योगले के सिकाउँछ भने यसको समाधान मुख्यतः शरीरभित्रबाट हुन्छ । हामी सङ्घर्ष गरेर मात्रै सुख-शान्ति हासिल गर्न सक्छौं तर योग अनुसार प्रकृतिसँग तादात्मय स्थापित गरेर पनि हामी सुख एवं शान्ति प्राप्त गर्न सक्छौं । स्वस्थ रहन रोगको उपचार गर्नुपर्ने मान्यताविपरीत एउटा निश्चित शारीरिक एवं मानसिक व्यवस्था कायम गरी रोग लाग्नबाट नै धेरै हदसम्म रोक्न सकिन्छ। एक किसिमले यो एउटा यस्तो माध्यम हो, जसमा धन खर्च नै नगरी व्यक्तिलाई स्वस्थ बनाउन सकिन्छ । योग हाम्रो समाजमा निर्धन वर्गको निम्ति वरदान साबित हुन सक्छ। नेपालका लाखौं युवा वैदेशिक रोजगारमा विदेश गइरहेका छन्। पढेलेखेका युवा बेरोजगार भएर बाँच्न बाध्य छन्। योगको प्रशिक्षण प्राप्त गरेर सयकडौं, हजारौं नेपाली युवा विदेशमा योग प्रशिक्षकको रूपमा काम गरी मानसम्मान र दाम पनि कमाउन सक्छन् । विश्वका अनेकौं देशहरूमा योगप्रति आकर्षण बढिरहेको छ। हाम्रा युवाहरूले यस अवसरबाट लाभ उठाउन सक्छन्। स्वास्थ्य संरक्षक योगलाई हामी सबैले आफ्नो जीवनको अभिन्न अङ्ग बनाउनुपर्छ। योगलाई आफ्नो दिनचर्यामा सामेल गराउनुपर्छ।

# शिक्षक सरुवा र काजका नाममा हुने बेथिति रोकिंदै

प्रकाश सिलवाल
काठमाडौं, ६ असार/रासस

"विद्यालयमा शिक्षकको दरबन्दी रिक्त नहुँदा पनि विभिन्न पक्षबाट 'खाली छ ?' भनेर सोध्ने गरिन्छ," भक्तपुरको सिरुटारस्थित सोमलिङ्गेश्वर आधारभूत विद्यालयका प्रधानाध्यापक मञ्जु बस्नेतको प्रश्न छ, "पद खाली भएको अवस्थामा कस्तो परिस्थितिको सामना गर्नुपर्ला यो पर्याप्त छैन र ?"

शिक्षकलाई दलीय सदस्यता त्याग्न लगाउने शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठको कदम प्रधानाध्यापक बस्नेतलाई मन परेको छ । उनी आफूहरूको दल भनेको अध्ययन-अध्यापन मात्र हो भनेर लागेमा शिक्षा क्षेत्रमा धेरै सुधार हुने बताउँछन्। "तर दलको झोला बोकेर र नेताको पछि लागेर शिक्षक सङ्गठनको काम भनेर राजनीतिक काममा हिंड्नेहरूका कारण आफूहरूलाई पनि असर परेको छ। सङ्गठनमा लागेर शिक्षकका हकहितमा काम गरिदिए हुन्थ्यो," प्रअ बस्नेतले भने, "नेताको पछि लागेर वा दलको सङ्गठनका नाममा अन्य शिक्षकलाई हप्कीदप्की गर्ने काम भएको छ। त्यसैले शिक्षामन्त्री श्रेष्ठको निर्देशन सही छ । बरु विगतमा सदस्य भएका शिक्षकलाई अहिले कारबाईभन्दा अबका दिनमा बन्देजको नीतिमा जाँदा ठीक हुन्छ।"

शिक्षामन्त्री श्रेष्ठले ल्याएको 'शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१' भने कार्यान्वयनमा ल्याउन गाह्रो हुने उनको बुझाइ छ । व्यावहारिकरूपमा प्रअले निष्पक्ष निर्णय गर्ने अवस्था नरहेको अवस्थामा निर्देशिकाका असल प्रावधानलाई पनि पालना गर्न कठिनाइ हुने उनको बुझाइ छ।

सामुदायिक विद्यालयमा उचित शिक्षक व्यवस्थापन नहुँदा गुणस्तर खस्किएको भन्ने आम गुनासोबीच पछिल्ला समयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अनुगमन र कारबाईमा प्राथमिकता दिन थालेपछि शिक्षा क्षेत्रमा एक प्रकारको बहस चलिरहेको छ। यो बहसले हरेक शिक्षक र विद्यालय कर्मचारीलाई पनि छोएको छ । शिक्षामन्त्री श्रेष्ठले जिम्मेवारी सम्हालेपछि कानूनविपरीत राजनीतिक दलमा आबद्ध शिक्षकलाई कारबाई गर्न दिइएको निर्देशन, गत जेठ १३ गते जारी भएको शिक्षक सरुवासम्बन्धी निर्देशिका र बेथितिपूर्ण काज फिर्ता गराउने पहल सकारात्मक मानिएको छ।

नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घले भने सङ्घीयताको मर्मविपरीत हुने भन्दै शिक्षक सरुवासम्बन्धी निर्देशिका कार्यान्वयन नगराउने चेतावनी दिएका छन् । नेपाल शिक्षक महासङ्घ, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपाललगायत संस्थाले पनि निर्देशिकामा असन्तुष्टि जनाएका छन् ।

नेपाल शिक्षक महासङ्घ र आबद्ध घटकले सरकारले शिक्षकको आस्था र विचारमाथि प्रहार गर्न नहुने प्रतिक्रिया दिए पनि कानूनी प्रबन्धका कारण दलको सदस्यता कायम राखेर शिक्षकको जागीरलाई निरन्तरता दिन अब शिक्षकलाई पहिलाजस्तो सजिलो छैन । नेपाल शिक्षक सङ्घका महासचिव ज्ञानेन्द्रबहादुर रावलले कानूनी व्यवस्थाको पालना गराउँदा आफूहरूको आपत्ति नहुने तर शिक्षकलाई त्रसित गराउने गरी 'स्टन्ट' गर्न नहुने तर्क गरे। उनले शिक्षक र कर्मचारीका विषयमा कानून वा नीति ल्याउँदा आफूहरूसँग परामर्श गरिनुपर्ने उल्लेख गरे। महासचिव रावलले सङ्घका सदस्यहरू कुनै पनि दलको सदस्य नरहेको स्पष्ट गर्दै शिक्षकहरूको विचार र आस्था हुन सक्ने जनाए।

शिक्षक-कर्मचारीले राजनीतिक दलको सदस्यता लिई जिल्ला तहमा दलको कार्यकारिणी समितिका सदस्यसमेत भएको भन्ने गुनासो शिक्षामन्त्री श्रेष्ठको गत वैशाख ४ गतेको निर्णयबाट मन्त्रालयले शिक्षा तथा मानव स्रोत

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## युवाहरू किन अति निराश ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालमा सुनिएझैं वा शैक्षिक परामर्श संस्थाहरूले प्रचार गरेझैं, नेपाली युवाहरूको विदेश बसाइ सुखद छैन । यो स्तम्भकारले विभिन्न देशको भ्रमण गर्दा त्यहाँ भेटिएका नेपाली युवाहरूसँग भेट गर्दा थाहा पाएको तथ्य हो । कल्पना वा अनुमान होइन ।**

अहिले हाम्रा युवा (युवक र युवती) हरू ज्यादै निराश छन् । उनीहरूले स्वदेशमा आफ्नो भविष्य सुरक्षित देखिरहेका छैनन् ।

अहिले स्वदेश छाड्ने युवाहरूको सङ्ख्या ज्यादै ठूलो छ । युवाहरू किन यति बढी निराश भएका होलान् र किन यसरी ठूलो सङ्ख्यामा उनीहरूले नेपाल छाडेका होलान् भनी थाहा पाउन कुनै व्यवस्थित अनुसन्धान गरिएको छैन । केवल सजिलो अनुमान लगाउने गरिएको छ कि विदेशमा राम्रो आम्दनी गरेर सुविधायुक्त जीवनयापन गर्न स्वदेश छाडिरहेका छन् । सुविधायुक्त जीवन यापन गर्न, अर्थात् आर्थिक कारणले गर्दा, युवाहरू विदेशतिर लागेका हुन् भन्ने अनुमान आंशिकरूपमा सत्य हो तर पूर्ण सत्य भने होइन ।

नेपालको कर्मचारीतन्त्र र शासन व्यवस्थाले युवाहरूलाई अति नै निराश पारेको छ । यसैगरी नेपालको शिक्षा व्यवस्थाले नेपाली युवाहरूलाई अति निराश पारेको छ । र युवाहरूलाई सर्वाधिकरूपमा नेपालका नेताहरूको व्यवहारले निराश पारेको छ । माथि उल्लेख गरिएका स्थितिहरूले नेपालमा अहिले युवाहरूको लागि ठूलो निराशा निर्माण गर्ने कार्य गरिरहेका छन् । अनि युवाहरू अति नै निराश भएर भविष्य सरल र सुरक्षित बनाउन विदेशतिर पलायन भइहरेका छन् । अर्थात् स्वेच्छाले होइन, बाध्यताको जाँतोमा पिसिएर विदेश पलायन रोजिरहेका छन् ।

२०४६ सालको राजनीतिक परिवर्तनले राजनीतिक व्यवस्थामा परिवर्तन ल्यायो तर कर्मचारीहरूको व्यवहार र मनोविज्ञानमा परिवर्तन ल्याएन । आफू राज्यको सेवक हुँ र सेवाग्राहीको सेवा गर्नु आफ्नो प्रमुख उद्देश्य र कर्तव्य हो भन्ने भावना राखेर काम गर्नुको सट्टा कर्मचारीहरू अहिले पनि आफूलाई स्वामी देख्छन् र तत्परताका साथ जनता (सेवाग्राहीहरू) को काम गर्दैनन् । आफूले पाएको तलब सेवाग्राहीहरूले भुक्तान गरेको करको एक अंश हो भनी हेक्का राख्दैनन् ।

समयमा सेवाग्राहीको काम नगरिदिने र एउटै कामको लागि सेवाग्राहीहरूलाई दशौंपटक कार्यालय धाउने स्थिति सृजना गर्ने कर्मचारीहरूको बानी परिसकेको छ । कर्मचारीहरूले सेवाग्राहीलाई एउटै कामको लागि दसपटक दौडाउँदा सेवाग्राहीलाई कति मानिसक कष्ट हुन्छ ? कति बढी आर्थिक क्षति हुन्छ ? यस्ता कुराहरूको विचार कर्मचारीहरूले गर्दैनन् । यति मात्र होइन, कतिपय स्थान वा कार्यालयमा काम गराउन जाँदा सेवाग्राहीले कर्मचारीलाई घूस दिनुपर्ने हुन्छ। घूस नदिई कामै हुँदैन। कर्मचारीहरूको यस किसिमको व्यवहारले युवाहरूलाई अति निराश पारेको छ । विदेश पलायन हुन बाध्य पारेको छ ।

विदेश पुगेपछि नेपाली युवाहरू आफू पुगेको देशमा कर्मचारीहरूको व्यवहार नेपालभन्दा ठीक उल्टो पाउँछन् । सेवाग्राहीप्रति कर्मचारीहरूको भावना सकारात्मक र अति सहयोगात्मक पाउँछन् । कर्मचारीहरूको यस्तो व्यवहारले पनि नेपाली युवाहरूलाई विदेश पलायन हुन बाध्य पारिरहेको छ ।

नेपालको हालको शासन व्यवस्थाले पनि नेपाली युवाहरूलाई निराश पार्ने कार्य गरिरहेको छ । छोटोछोटो समयमा सरकार परिवर्तन हुने, प्रधानमन्त्री हुनका लागि नेताहरूले अनेक किसिमका प्रपञ्च रच्ने र राजनीतिक दलहरूको ध्यान केवल जनताको समस्यामा केन्द्रित हुनुको साटो सत्ता र शक्ति प्राप्तिमा मात्र हुने जस्ता कार्यले नेपाली युवाहरूलाई अति नै निराश पारेको छ । हालको यो शासन व्यवस्थामा युवाहरूले आफ्नो भविष्य अति असुरक्षित देखिरहेका छन् ।

नेपालको वर्तमान शिक्षा व्यवस्थाले युवाहरूमा आशा जाग्रत गराउन पटक्कै सकेको छैन । कसरी ? हाम्रो शिक्षा व्यवस्थाले दुईवटा काम गरेर युवाहरूमा घोर निराशा उत्पन्न गरिरहेको छ । नेपालका शिक्षालय (कलेज र विश्व विद्यालय) हरूले अहिले केवल ज्ञान दिने शिक्षा दिइरहेका छन्, सीप दिने शिक्षा दिइरहेका छैनन् । नेपालका शिक्षालयहरूबाट शिक्षा प्राप्त गर्ने युवाहरू आफैंले आफ्नो लागि रोजगार सृजना गर्न सकिरहेका छैनन् । अर्थात् हाम्रो शिक्षाले विद्यार्थीहरूलाई रोजगार सृजना गर्न सिकाउँदैन । रोजगारका लागि अनेक संस्थाहरूमा पुग्न बाध्य पारिरहेको छ ।

शिक्षालयहरूमा अध्ययन र अनुसन्धान हुनुपर्छ । सीप र कला सिकाउने नयाँनयाँ तरीकाहरूको खोजी हुनुपर्छ । तर हाम्रो शिक्षालयहरूमा हुन्छ ठीक उल्टो । हाम्रा शिक्षालयहरू नेता र कार्यकर्ता उत्पादन गर्ने कारखाना बन्न पुगेका छन् । राजनीति गर्ने अङ्ग हुन पुगेका छन् । हाम्रा शिक्षालयहरूले शैक्षिक गतिविधि कम, राजनीतिक गतिविधिहरू अति गर्छन् । छोटकरीमा भन्ने हो भने हाम्रा शैक्षिक संस्थाहरू राजनीतिक दलहरूका लागि कार्यकर्ता उत्पादन गर्ने कारखाना बन्न पुगेका छन् । नेताहरूको लागि 'झोले' र 'हनुमान' उत्पादन गर्ने कारखाना बन्न पुगेका छन् । शैक्षिक संस्थाहरूको यो स्थितिले नेपाली युवाहरूलाई चरम निराश पार्ने कार्य गरिरहेको छ । अनि नेपाली युवाहरूले स्वदेशमा आफ्नो भविष्य सुरक्षित नदेखेर विदेशमा देखिरहेका छन् । विदेशी शिक्षालय र उनीहरूको शिक्षा पद्धतिलाई महत्त्व दिइरहेका छन् ।

नेपालका शैक्षिक संस्थाहरूमा हालको जस्तै राजनीति हुने हो भने भविष्यमा अझै ठूलो सङ्ख्यामा युवाहरू नेपाल छाड्ने छन् । नेपालमा युवा जनशक्तिको ठूलो खाँचो हुनेछ । आर्थिक विकासको गति अवरुद्ध हुनेछ । देशमा चरम आर्थिक सङ्कट आउन सक्छ । यो तथ्य नेपालका नेताहरूले गम्भीरतापूर्वक मनन गर्न आवश्यक छ ।

नेताहरूको व्यवहारले पनि नेपाली युवाहरूलाई चरम निराश पार्ने कार्य गरिरहेको छ । नेताहरूमा इमानदारीको कमी र आर्थिक विकासका लागि विभिन्न दलहरूसँग मिलेर काम गर्ने सोचको अभावले गर्दा नेपालको राजनीति अति प्रदूषित हुन पुगेको छ । र वर्तमानको यो प्रदूषित राजनीतिले युवाहरूलाई ज्यादै निराश पार्ने कार्य गरिरहेको छ ।

नेताहरूले अहिले केवल आफ्नो राजनीतिक फाइदा देखिरहेका छन् । पद र शक्ति नै उनीहरूको राजनीतिक उद्देश्य हुन पुगेको छ । युवाहरूको भविष्यका लागि नेताहरू त्याग गर्न तयार छैनन् । अर्थात् नेताहरूमा इमानदारीको ठूलो सङ्कट देखिएको छ । नेताहरूमा देखिएको इमानदारीको सङ्कटले युवाहरूमा चरम निराशा उत्पन्न गराएको छ । त्याग गर्न तत्पर नहुने। आफ्नो मात्र फाइदा देख्ने नेताहरूबाट देशको विकास हुन नसक्ने विचार गर्दै युवाहरू अहिले ठूलो सङ्ख्यामा विदेशतिर लागिरहेका छन् । नेपालमा अहिले 'उदाहरणीय नेता' को ठूलो खाँचो छ ।

नेपाली युवाहरूमा देखिएको निराशा कम पार्न र उनीहरू स्वदेशमैं रहने वातावरण सृजना गर्न माथि उल्लेख गरिएका क्षेत्रहरूमा देखिएका अनेक गम्भीर समस्या समाधान गर्न आवश्यक छ ।

अब केही कुरा विदेशमा बसेका नेपाली युवाहरूको अवस्थाबारे कुरा गरौं– अमेरिका, क्यानाडा, अस्ट्रेलिया, ग्रेट ब्रिटेनतिर अध्ययन र आर्जनका लागि आएका नेपाली युवाहरूको कुरा गरौं । अध्ययन अनि अध्ययनपछि आर्जनका लागि माथि उल्लेख गरिएका देशमा आएका युवाहरूको स्थिति, केही अपवाद बाहेक, त्यति सुखद छैन । काम गरेर पढ्नुपर्ने, कलेज र बसाइ खर्च भुक्तान गर्न आफैंले कमाउनुपर्ने भएकोले उनीहरूको स्थिति सुखद छैन । अति नै सङ्घर्षपूर्ण छ । कतिपय देश र स्थानमा उनीहरूलाई काम पाउन पनि कठिन छ । नेपालमा सुनिएझैं वा शैक्षिक परामर्श संस्थाहरूले प्रचार गरेझैं, नेपाली युवाहरूको विदेश बसाइ सुखद छैन । यो स्तम्भकारले विभिन्न देशको भ्रमण गर्दा त्यहाँ भेटिएका नेपाली युवाहरूसँग भेट गर्दा थाहा पाएको तथ्य हो । कल्पना वा अनुमान होइन ।

युवाहरूको लागि नेपालमैं राम्रो शिक्षा र रोजगारको व्यवस्था भए कलिलै उमेरमा विदेशतिर भास्सिने समस्याको अन्त्य हुने थियो । यसबारे नेताहरूले गम्भीरतापूर्वक सोच्न आवश्यक छ । युवाहरूको भविष्यप्रति नेताहरू चिन्तित हुन अति आवश्यक छ ।



बिग्रिएको वायु प्रदूषण मापन उपकरणः दाङको घोराही उपमहानगरपालिका–२ स्थित रामपुरमा दुई वर्षदेखि बिग्रिएर थन्किएको दाङको एक मात्र वायु प्रदूषण मापन केन्द्रको उपकरण । वातावरण विभागले २०७५ साल जेठमा रू एक करोड २५ लाखको लागतमा उपकरणको स्थापना गरेको थियो ।
तस्बिरः कुलदीप न्यौपाने /रासस

## बन्ने होइन त करोडपति ?



- अच्युतकुमार ओझा

वित्तीय साक्षरताको प्रशिक्षणका सिलसिलामा केही महीनाअघि राजधानीको एक विद्यालयका विद्यार्थीले गरेको प्रश्न आजसम्म मेरो मानसपटलमा गुञ्जिरहेको छ, "के म पनि करोडपति बन्न सक्छु ?" त्यो १० वर्षको अबोध बालकलाई मैले त्यतिखेर भनेको थिएँ, अवश्य तिमीहरू भाग्यमानी छौ, सानो उमेरमैं वित्तीय ज्ञान थाहा पाइरहेका छौ, थप कम्पाउन्डिङको शक्ति थाहा पाउन सकियो भने प्रत्येक महीना केवल रु पाँच हजार अर्थात् एक वर्षमा रु ६० हजार लगानी गरेर वार्षिक १२ प्रतिशत प्रतिफल निकाल्न सक्ने हो भने सजिलै तिमी ३० वर्षमा करोडपति बन्न सक्छौ ।

यदि ३६ वर्ष तिमी कुर्न सक्छौ भने रु एक करोड ९७ लाखको मालिक हुनेछौ । प्रतिफल दर र लगानी रकम बढाउन सक्ने हो भने त्योभन्दा अगाडि नै करोडपति हुन सकिन्छ । मैले उक्त कक्षामा दिएको जवाफ र देखाएको टेबल विद्यार्थीहरूले बुझे बुझेनन् थाहा छैन । उनीहरूमा धैर्यता र दृढता हुर्काउन सकियो सकिएन भन्न सक्दिनँ, तर सो बालकको प्रश्नले मलाई हरेक व्यक्ति कसरी करोडपति बन्न सम्भव छ भन्ने विषयले घोचि नै रहेको छ ।

लगानीमा समय यतिधेरै शक्तिशाली हुन्छ, जसले प्रत्येक व्यक्तिलाई कुर्न सक्ने हो भने करोडपति बनाउन सक्ने ल्याकत राख्छ । संसारका असाधारण लगानीकर्ता भनेर कहलिएका वारेट बफेटका सम्बन्धमा दुई हजारभन्दा बढी पुस्तक लेखिएको छ । बफेट धनी हुनुमा उनको अब्बल लगानी कला मात्रै नभई नाबालक हुँदादेखिकै अब्बल लगानी हो भन्ने सारांश रहेको भेटिन्छ । बफेटले १० वर्षको उमेरमा लगानी सुरुआत गरेर त्यसलाई फैलाउँदै आफू ३० वर्षको हुँदा एक मिलियन डलर बनाइसकेका थिए ।

वास्तवमा उनी उत्कृष्ट लगानीकर्ता मात्रै नभई धीर पनि थिए । उनले अहिले जीवनको नौ दशक पूरा गरी रहँदा आठ दशक अर्थात् जीवनको करीब ९० प्रतिशत समय लगानीमा बिताइसकेका छन् । 'धनसम्पत्तिको मनोविज्ञान' किताबका लेखक मोर्गन हउजलका अनुसार बफेट सफल लगानीकर्ता त हुन् तर संसारकै उत्कृष्ट लगानीकर्ता भनेर भन्न सकिंदैन । सन् २०२० मा उनले लेखेको उक्त पुस्तकमा बफेटले लगानीमा औसत प्रतिवर्ष २२ प्रतिशत प्रतिफल पाउने गरेको बताएका छन् ।

त्यस समयमा उनको सम्पति ८४.५ बिलियन डलर थियो । यदि उनले ६० वर्षमा लगानी गर्न छोडिदिएका भए ११.९ मिलियन मात्रै हुन सक्थ्यो । जुन पुस्तक लेख्दै गरेको समयको करीब ९९.९ प्रतिशत कम हुने थियो । यसको मूल कारण उनको लगानी कुशाग्रता हो तर वास्तविकता भनेको समय हो । यथार्थमा कम्पाउन्डिङले यस्तै काम गर्छ ।

लेखकका अनुसार बफेटले वार्षिक २२ प्रतिशत लगानीमा प्रतिफल निकाल्दै गर्दा हेज फन्ड रिनेसान्स टेक्नोलोजीका प्रमुख जिम साइमन्सले सन् १९८८ बाट लिएर ६६ प्रतिशत प्रतिवर्षको दरले धनको कम्पाउन्डिङ गरे ।

उक्त किताब लेख्दै गर्दा उनको सम्पत्ति २१ बिलियन थियो तर बफेटले त्यसको एक तिहाइ मात्रै प्रतिफल निकाल्दै गर्दा समेत साइमन्सको भन्दा ७५ प्रतिशत बढी कमाउन सफल भए । बफेटभन्दा करीब तीन गुणा बढी प्रतिफल निकाल्न सकेर पनि उनी किन कम धनी भए ।

यसको मूल कारण साइमन्नले ५० वर्षको उमेर पुगेपछि लगानी थालेका थिए । यसले गर्दा उनीसँग बफेटको जस्तो लामो समय कम्पाउन्डिङ गर्ने सुविधा थिएन, त्यसैको परिणाम दुईबीच यतिधेरै सम्पत्तिको अन्तर पर्न गएको हो । यदि बफेटले जस्तै साइमन्सले पनि लगानी गर्न सकेको भए ६३ क्विन्टिलियन नौ सय क्वाड्रिलियन ७८१ ट्रिलियन ७८० बिलियन ७४८ मिलियन र १०८ हजार डलर हुने थियो । यी आँकडा हास्यास्पद र अव्यावहारिक देखिन्छ तर कम्पाउन्डिङका कारण यस्तै आँकडाहरूलाई देखाउन सक्छन् ।

तसर्थ प्रत्येक व्यक्ति करोडपति बन्न सक्छ र धनी पनि हुन सक्छ तर लगानीमा धैर्यता सबैभन्दा ठूलो ईश्वरीय वरदान हो, यसलाई सबैले बुझ्न सकेमा धनको महत्त्वपूर्ण नियम थाहा पाई सफल लगानीकर्ता हुन सकिन्छ ।

अल्बर्ट आइन्स्टाइनले भनेका थिए, "कम्पाउन्डिङ विश्वको आठौं आश्चर्य हो ।" स्वयम् बफेटले भनेका छन्, "लगानीमा कुनै चमत्कार छ भने त्यो कम्पाउन्डिङको तागत हो ।" तसर्थ लगानीमा भएका कमजोरी र गलतीहरू लामो समयपछि फिक्का हुँदै जान्छन् । पछिल्ला वर्षहरूमा सम्पत्ति वृद्धिका दर प्रारम्भिक वर्षहरूको तुलनामा धेरै गुणा बढी रहने गर्छ । यसलाई माथिको टेबलबाट पनि हेर्न सकिन्छ । उक्त टेबलमा थालनीको समयदेखि लगानीको ३० वर्षसम्म रु एक करोड आठ लाख धन जम्मा हुँदा पछिला थप छ वर्षमा रु ९८ लाख थपिने देखिन्छ ।

यसरी हेर्दा पाँच भाग समय लगाएर जम्मा भएको रकम र पछिलो एक भाग समयमा जोडिएको सम्पत्तिको अंश करीब बराबर देखिन्छ । यसले के देखाउँछ भने कम्पाउन्डिङको नियमभित्र पनि जति धेरै पछिल्ला वर्ष आउँछन्, उति धेरै द्रुत गतिमा सम्पत्ति बढ्नेछ । हरेक व्यक्ति सम्पत्ति कमाउन र रमाउन सक्छ, यसका लागि केही ज्ञान, अभ्यास र धेरै धैर्यता राख्ने हो भने यो सजिलै सम्भव देखिन्छ ।

लगानीमा अनेकन रणनीति र योजना हुन सक्छन् तर प्रत्येक उत्कृष्ट लगानीमा समय सबैभन्दा महत्त्वपूर्ण हुने गरेको छ । कम्पाउन्डिङलाई बुझ्न सकियो भने लगानीलाई कम जोखिममा बढी प्रतिफलमुखी बनाउन सकिन्छ । यसलाई बुझ्न केही समय लाग्छ तर बुझिसकेपछि यसले दिने लाभ कल्पना गरिएभन्दा बढी देखिन्छ । यसको नतीजा आउन समय लाग्छ तर सजिलै बुझिएको जोडफलभन्दा यो तीन करोड ८७ लाख गुणा बढी हुन जान्छ । यसैले कम्पाउन्डिङले लगानीमा दिने चमत्कार पनि दोस्रो उदाहरण जस्तै हो, जसले परिणाम देखाउन समय लगाउँछ तर अप्रत्याशित फल दिन सक्छ ।

जापानी नागरिकहरूमाझ अत्यधिक लोकप्रिय काइजन थ्योरी (थोरैबाट प्रारम्भ गरी बानी बसाल्ने सिद्धान्त) र रु पाँच हजारबाट करोडपति सिद्धान्तमा धेरै समानता भेटिन्छ ।

यस विधिले एकैपटक ठूलो कदम उठाउनुभन्दा बिस्तारै साना पाइलाहरूबाट सुरुआत गर्न प्रेरित गर्छ । यसले हामीले चाल्ने हरेक साना प्रयासले ठूलो उपलब्धि दिन सक्छ भन्ने विश्वास राख्छ । सबैभन्दा ठूलो लक्ष्यप्राप्तिका लागि एकैपटक बृहत् फड्कोभन्दा नियमित थोरै अभ्यासमार्फत आफूमा बानी पार्नु र त्यसलाई बढाउँदै लैजान सक्नु महत्त्वपूर्ण हुने गर्छ । उदाहरणका रूपमा हामीले पहिलो दिनमा घण्टौं व्यायाम गर्ने र एक हप्तामा फेरि छाड्ने गरेका धेरै देखेका छौं ।

यसो नगरी सुरुआती दिनमा केही मिनेटबाट थालेर त्यसलाई क्रमशः बढाउँदै

(बाँकी पाँचौं पातामा)

# आर्थिक रूपान्तरणतर्फ मधेसको बजेट

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**गैरकानूनी, कालोधन वा भूमिगत अर्थतन्त्र अर्थात् नदेखिएको सम्पत्ति करको दायरामा ल्याउन केही वर्षका लागि भए पनि लचिलो नीति लिनुपर्ने देखिन्छ। जनस्तरबाटै कर छली नियन्त्रण गर्न भ्याट बिललाई अनिवार्य र भ्याट बिल नभएको सामानलाई अवैध घोषणा गर्नुपर्छ।**

नेपालको कुल क्षेत्रफलको हिसाबले सातवटा प्रदेशमध्ये प्रदेश नं २ सबैभन्दा सानो प्रदेश हो। नेपालको कुल भूभागमध्ये ६.५६ प्रतिशत अर्थात् ९ लाख ६६ हजार एक सय हेक्टर क्षेत्रफलमा फैलिएको यो प्रदेशमा ६ लाख १३ हजार हेक्टर कृषि योग्य जमीन छ । व्यावसायिक कृषिको प्रचुर सम्भावना हुँदाहुँदै पनि आजसम्म यहाँ निर्वाहमुखी कृषि उत्पादनमा नै जोड दिँदै आएको देखिन्छ। यहाँका अधिकांश युवा विदेश पलायन भएर वैदेशिक रोजगारमार्फत घर-व्यवहार चलाइरहेका छन्। यसले निम्न आयस्तर भएको परिवारमा आर्थिक विकास र खुशीयाली ल्याएको छ। तर गाउँ नै रित्तिनेगरी युवा पुस्ताको विदेश पलायनले प्रदेश विकासमा जनशक्तिको अभाव खड्किएको छ भने घर परिवारभित्र वियोगान्त कथाहरूको सिर्जना भएको छ। गरीब, विपन्न र आर्थिक अवस्था कमजोर भएका घरपरिवारले वैदेशिक रोजगारबाट प्राप्त रकमले फुसको पुर्ख्यौली घरको ठाउँमा पक्की घर ठड्याएका छन्। वैदेशिक रोजगारमा गएका अधिकांशले गाउँ-शहरमा घडेरी र जग्गा-जमीन जोडेका छन्। यसरी फुसका घर टायलका र टायलका घर पक्की बनेका छन्। हिजोसम्म पैदल हिड्नेहरू साइकल, साइकलमा हिंड्नेहरू मोटरसाइकल र स्कुटर चढ्ने भएका छन्। सामुदायिक विद्यालयमा छोराछोरी पठाउनेहरूको रोजाइ स्तरीय निजी विद्यालय भएका छन्। सरकारी अस्पतालमा उपचार गर्नेहरू निजी अस्पतालमा उपचार गर्न जान थालेका छन्।

मधेस प्रदेशको आर्थिक आम्दानीको प्रमुख स्रोत पनि वैदेशिक रोजगार नै हो। तर वैदेशिक रोजगारबाट भित्रिएका रेमिट्यान्समध्ये अधिकांश रकम उत्पादनमूलक क्षेत्रभन्दा पनि अनुत्पादकमूलक क्षेत्रमा लगानी भइरहेको छ। विदेशमा सिकेको सीप आफ्नै गाउँघरमा सदुपयोग गरेर आयआर्जन गर्नुको सट्टा उनीहरू जग्गा जमीन, घर निर्माण र सवारीसाधन खरीदमा बढी खर्च गर्ने गरेका छन्। यस्तो अवस्थामा मधेस प्रदेश सरकारले कृषि, पूर्वाधार, पर्यटन, सूचना प्रविधिलगायत क्षेत्रमा प्राथमिकतासहित आगामी आर्थिक वर्षका लागि ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपियाँ बराबरको बजेट सार्वजनिक गरेको छ। कुल विनियोजित बजेटमध्ये पूँजीगत खर्चतर्फ २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार अर्थात् ६३.५५ प्रतिशत र चालू खर्चतर्फ १६ अर्ब ७ लाख १ हजार अर्थात् ३६.४५ प्रतिशत रहेको छ। त्यस्तै विनियोजित खर्चका स्रोतमध्ये आन्तरिक राजस्वबाट ९ अर्ब ७ करोड ३० लाख र सङ्घबाट प्राप्त हुने राजस्व बाँडफाँटको रकम १३ अर्ब ६० करोड छ। वित्तीय समानीकरण अनुदानबाट ७ अर्ब ७९ करोड ९२ लाख, सशर्त अनुदानबाट ३ अर्ब ५५ करोड ७८ लाख जुटाउने अनुमान छ। यस वर्षको नगद मौज्दात ७ अर्ब ८६ करोड २१ लाख ७० हजार र आन्तरिक ऋण २ अर्ब उठाइने लक्ष्य प्रदेश सरकारको छ। गम्भीर भूराजनीतिक र अर्थराजनीतिक असामान्य अवस्थामा रहेको बेला मधेस प्रदेश सरकारले ल्याएको यो बजेट सामान्य, नियमित, सन्तुलित, सानो आकारको, बजार अर्थतन्त्र, साझा अर्थतन्त्र, नवउदारवादी अर्थतन्त्र, सामाजिक, प्रतिस्पर्धात्मक र समावेशी लोकतन्त्रसहितको जनसहभागिता, आत्मनिर्भर, गतिशील, मौलिक र समाजवादउन्मुख अर्थतन्त्रको विशेषतासहितको हो। यो आर्थिक रूपान्तरणतर्फ उन्मुख पनि हो।

किसान कार्ड र किसानलाई पेन्शन, दलित शिक्षा अभियान, कृषि विद्युतीकरण, प्रदेश गौरवको योजना, चुरे जोगाऊ मधेस बचाऊ अभियान, हरेक प्रदेश निर्वाचन क्षेत्रमा एक नमूना विद्यालय कार्यक्रम पनि बजेटमा छ। वीरगंजमा अन्तर्राष्ट्रिय क्रिकेट प्रशिक्षक केन्द्र स्थापना, दलितहरूका लागि मुख्यमन्त्री आवास सुरक्षा योजना, मधेसको आधार पानीलाई गौरवका रूपमा लिने, सुक्खाग्रस्त समस्याको सम्बोधन पनि बजेटमा समेटिएको छ। सीमित साधन-स्रोतको सही व्यवस्थापन, सबै पक्षलाई समेट्नु र पहुँचका आधारमा हुने योजना वितरण न्यून गर्नु यो बजेटको मूल विशेषता हो। यसले मधेस प्रदेशको अर्थतन्त्रको आधारभूत संरचनामैं परिवर्तन गर्ने प्रयत्न गरेको छ। आधुनिक र अर्गानिक कृषिको उद्योगीकरण गरेर पर्यटनसँग जोड्ने, उद्योगको क्षेत्रमा साना, मझौला र ठूला उद्योगलाई प्रवर्द्धन गर्दै राज्य, निजी, साझेदारी र वैदेशिक लगानीमैत्री वातावरण बनाउने, सेवा र आइटी अर्थात् एकीकृत प्रविधिका क्षेत्रमा रूपान्तरण गरेर आत्मनिर्भर बनी निर्यातसमेत गर्ने नीति लिएको छ। प्रदेशभर पाँच सय कृषि स्वयंसेविका परिचालन गरिने, किसानकार्ड तथा पेन्शन योजना शुरूआत गर्न नीति बजेटले लिएको छ। मधेस प्रदेशका १३६ वटै स्थानीय तहमा पशु नश्ल केन्द्र स्थापना गरिने, दश हजार नागरिकलाई विभिन्न सीप विकास तालीम प्रदान गर्ने, २०८२ लाई 'घुमौं मधेस, बुझौं मधेस' भन्ने मूल नाराका साथ मधेस पर्यटन वर्षका रूपमा मनाइने नीति प्रदेश सरकारको छ। यसैगरी २००० मेगावाटसम्म सौर्य ऊर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरिने, स्थानीय तह आफैंले आयोजना छनोट गर्नेगरी महानगरपालिकालाई एक करोड ७५ लाख, उपमहानगरपालिकालाई एक करोड २५ लाख, प्रत्येक नगरपालिकालाई ९५ लाख र प्रत्येक गाउँपालिकालाई ८० लाख अनुदान दिने नीति प्रदेश सरकारको छ।

यसरी सीमित साधन, स्रोतको सही व्यवस्थापन गर्नु, सबै पक्षलाई समेट्नु र पहुँचका आधारमा हुने योजना वितरण न्यून पार्नु नै यो बजेटका मूल विशेषता हो। प्रदेश सरकारले निर्वाहमुखीबाट व्यावसायिक खेती प्रणालीमा रूपान्तरण गर्ने लक्ष्यसहित बजेट ल्याएको छ। यो प्रदेशको सबैभन्दा बलियो क्षमता भएको कृषि क्षेत्रलाई अधिक लक्षित गरी बजेट ल्याएको छ। कृषिमा माटोको स्वास्थ्य सुधार, कृषि विद्युतीकरणलाई प्रदेश गौरवको परियोजना, श्रम शोषण र बालश्रम उन्मूलनमा जोड तथा प्रदेश सरकारले किन्ने सवारी साधनमा विद्युतीय सवारीमा विशेष जोड, पर्यटकको सुविधाका लागि विश्राम स्थल, मधेस आइटी पार्कको अवधारणा, मधेसमा लगानी सम्मेलन आयोजना गर्ने, प्रदेश विशेष आर्थिक क्षेत्र सेज स्थापना गरी मधेसलाई उद्योगमैत्री प्रदेश बनाइने समेत बजेटमा उल्लेख छ। यो प्रदेशले वारुण यन्त्र खरीदमा समेत बजेट विनियोजन गरेको छ भने मधेसमा २००० मेगावाटसम्मको सौर्य ऊर्जा उत्पादनको सम्भाव्यता अध्ययन गर्ने भएको छ। मधेस प्रदेशमा झन्डै ४५ प्रतिशतभन्दा बढी अनौपचारिक अर्थतन्त्र रहेको बुझिन्छ। अनौपचारिक अर्थतन्त्र भन्नाले हुन्डी कारोबार, सुनको अवैध कारोबार, जनशक्ति र पूँजी पलायन, ढाँट-छलयुक्त व्यापार, भ्रष्टाचार तथा नीतिगत भ्रष्टाचार, तस्करी र कमिशनतन्त्र, सेटिङमा चलेको सेयर बजार, सेटिङमा निर्माण हुने विकासे योजना, विलासिता र फजुल खर्च, घरजग्गाको कारोबारमा हुने कर छली, अन्य आयातमा हुने कर छली र शिक्षा क्षेत्रमा हुने निजी व्यापार, साइबर अपराध, लागू औषधको व्यापार, ढुकुटी, मिटरब्याजी ऋण, सबै क्षेत्रमा बढ्दो दलाल र सेटिङ, कानूनको किनबेच, अवैध हातहतियार ओसारपसार, सामाजिक सञ्जालमार्फत हुने व्यवसाय गिग इकोनोमी (मौका अर्थतन्त्र/व्यवसाय) जस्ता छाया अर्थात् अनौपचारिक अर्थतन्त्रले प्रदेशलाई नराम्ररी गाँजेको छ। यो सबल अर्थतन्त्रका लागि अर्को प्रमुख चुनौती हो।

यस्ता अनौपचारिक अर्थतन्त्रलाई कम्तिमा १५ प्रतिशतमा झार्न सकियो भने प्रदेशको अर्थतन्त्रमा युगान्तकारी रूपान्तरण हुने निश्चित छ। त्यसका लागि व्यक्तिगत प्यानलाई नागरिकताजस्तै अनिवार्य बनाउँदै व्यक्तिलाई करको दायरामा ल्याउनुपर्छ। घरजग्गा करलाई सरकारी मापदण्डबाट होइन, बजार मूल्यका आधारमा निर्धारण गर्नुपर्छ। कृषि उत्पादन र सम्पूर्ण रोजगारलाई कर र अर्थतन्त्रसँग जोड्न आवश्यक छ। यसैगरी रेमिट्यान्सलाई उत्पादनमा र हुन्डीमार्फत आउने/जाने विदेशी रकमलाई बैंकमार्फत आउने/जाने व्यवस्था सरकारले मिलाउनुपर्छ। विदेशी रकम भित्र्याउँदा अनावश्यक झन्झट अन्त्य गरी बढीभन्दा बढी विदेशी रकम भित्र्याउने लचिलो नीति सरकारको हुनुपर्दछ। गैरकानूनी, कालोधन वा भूमिगत अर्थतन्त्र अर्थात् नदेखिएको सम्पत्ति करको दायरामा ल्याउन केही वर्षका लागि भए पनि लचिलो नीति लिनुपर्ने देखिन्छ। जनस्तरबाटै कर छली नियन्त्रण गर्न भ्याट बिललाई अनिवार्य र भ्याट बिल नभएको सामानलाई अवैध घोषणा गर्नुपर्छ। अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाबाट आउने पूँजीलाई पनि करको दायरामा ल्याउनुपर्छ। ठूला आयोजनालाई मात्र गौरवको आयोजना भन्ने हिजोको सोच भत्काई प्रदेशका सबै क्षेत्र, समुदाय, आमजनताको जीवनसँग जोडिएको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रलाई समेट्ने आयोजना जसले समग्र प्रदेशलाई नै एउटा स्तरमा विकासको मापदण्ड पूरा गर्न सक्ने आयोजनालाई प्रदेशको गौरवको आयोजना भन्न सकिन्छ। प्रदेशका सबै वडासम्म पक्की सडक सञ्जाल र बहुउद्देश्यीय सामुदायिक भवन, अनिवार्य सरकारी कृषि बजारको व्यवस्था र प्रत्येक पालिकामा भण्डारण तथा चिस्यान केन्द्र निर्माण गर्नुपर्ने देखिन्छ।

प्रदेशका सम्पूर्ण नदी, पोखरी, तलाउ र तालतलैया सफा र जीवन्त बनाउनुपर्छ। यो पर्यावरणीय र शहरीकरणको हिसाबले अति महत्त्वपूर्ण र लोकप्रिय आयोजना भएकोले तीनै तहका सरकारको सहकार्यमा सम्पन्न गर्न प्रदेश सरकारले विशेष पहल गर्नुपर्छ।

अन्य पूर्वाधार निर्माण गर्ने, प्रादेशिक सडक गुरु योजना, प्रादेशिक विश्वविद्यालय र 'एक पालिका : एक प्राविधिक विद्यालय' निर्माण गरी पुराना प्राविधिक विद्यालयको सम्पूर्ण सेटिङ भत्काई नयाँ ढङ्गले ७० प्रतिशत प्राविधिक जनशक्ति उत्पादन गनुपर्छ। यसका साथै तत्काल प्रादेशिक प्रहरी संरचना, प्रादेशिक बैंक, प्रदेशस्तरको किसान स्वरोजगार र युवा रोजगार परियोजना निर्माण गर्ने र प्रदेश लगानी बोर्डलाई कामकाजी बनाउँदै विभिन्न विषयका प्रदेश सरकारमातहतका उद्योग र प्रदेशको पहिचान खुल्ने योजना र त्यसमा लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्छ।

जिल्लामा रहेका पर्यटकीय क्षेत्रको पहिचान, विकास र विस्तार गरी गुरुयोजना बनाउनुपर्छ भने आइटीमा स्वदेशी निजी र वैदेशिक लगानीकर्तालाई आकर्षित गर्ने योजना प्रदेश सरकारको हुनुपर्छ।

अन्त्यमा, विविध सीमाका बावजूद यस बजेटले कृषि, उद्योग, विद्युत्, पानी, ढुङ्गा, बालुवा, वन, पर्यटन, व्यापार, कर, बजार, शहरीकरण, वैदेशिक रोजगार, विकास निर्माण र सन्तुलित पर्यावरण कायम राख्दै उत्पादन, उत्पादन र फेरि पनि उत्पादनमा जोड दिंदै पूँजी निर्माण, पूँजी पुनर्निर्माण र रोजगार सिर्जना गर्दै सुशासनसहित योजनाबद्ध ढङ्गले अगाडि बढ्ने वातावरण निर्माण गरेकोले मधेस प्रदेश समृद्ध बन्नेमा आशावादी हुन सकिन्छ। कृषिको रूपान्तरण, ऊर्जा क्षेत्रमा छलाङपूर्ण विकास, पर्यटन प्रवर्द्धन, सूचना प्रविधि विकास, औद्योगिक उद्यमशीलता अहिलेका आवश्यकता हुन्। यी भनिएजस्तै कार्यान्वयनमा गएमा रूपान्तरणको आधार दिने केही आशा पनि छ।

# किसानलाई मलको अभाव हुँदैन -कृषिमन्त्री साह

काठमाडौं, ६ असार/रासस

कृषि तथा पशुपक्षी विकासमन्त्री ज्वालाकुमारी साहले किसानलाई मलको अभाव नहुने दाबी गरेकी छन्। प्रतिनिधिसभाको बिहीवारको बैठकमा विनियोजन विधेयक, २०८१ अन्तर्गत कृषि तथा पशुपक्षीसम्बन्धी विनियोजन शीर्षकमा उठेका प्रश्नको जवाफ दिंदै उनले धान रोपाइँमा किसानलाई मल अभाव नहुने र किसानलाई समयमैं मल वितरण गर्न मन्त्रालय लागेको बताइन्।

उनका अनुसार चालू आर्थिक वर्षको रु २८ अर्ब ६७ करोड अनुदानका लागि विनियोजित बजेटबाट रु छ लाख मेट्रिक टन रासायनिक मल अनुदानमा पाउन सकिने भएको छ।

साथै दुई लाख मेट्रिकटन मलको बोलपत्र आह्वान भइसकेको उनले जानकारी दिए।

गत जेठ २८ सम्म तीन लाख ९० हजार मेट्रिकटन मल आयात भएकोमा तीन लाख ६७ हजार मेट्रिकटन मल बिक्री वितरण भएको छ। गत वर्षको समेत गरी कुल ९६ हजार मेट्रिकटन मल मौज्दात रहेको उनले जानकारी दिइन्।

**दुग्ध किसानको भुक्तानीमा ३० करोड ऋण सकियो**

सोही मन्त्री साहले दुग्ध किसानलाई भुक्तानी गर्न रु ३० करोड लिएको ऋण सकिएको जानकारी दिंदै थप भुक्तानीका लागि ऋण लिन दुग्ध विकास संस्थानलाई निर्देशन दिएको बताइन्।

"मन्त्रालयले रु ३० करोड लिई किसानको भुक्तानी गरिसकेको छ," मन्त्री साहले भनिन्, "बाँकी भुक्तानीका लागि थप ऋण लिन संस्थानलाई निर्देशन दिएकी छु।"

उनका अनुसार सरकारी स्वामित्वमा रहेको दुग्ध विकास संस्थानले दैनिक डेढ लाख लिटरसम्म दूध सङ्कलन गरिरहेको र बाँकी दूध निजी दुग्ध उद्योगहरूले सङ्कलन गरिरहेका छन्।

दूध खरीद गरेपछि प्रत्येक दिन किसानलाई भुक्तानी गर्दै आइरहेको उनको भनाइ छ।

# 'लेसर ग्रे स्राइक' जातको नयाँ चरो देखियो



भक्तपुर, ६ असार/रासस

युरोप, दक्षिण तथा पश्चिम एशियाको रैथाने पक्षी 'लेसर ग्रे स्राइक' पहिलोपटक भक्तपुरको मनोहरामा देखिएको छ।

तापक्रम वृद्धिसँगै गर्मी भेगमा मात्रै पाइने यो पक्षी असार लागेपछि भक्तपुरको मनोहरास्थित मिनी कोशी टप्पुमा भेटिएको चरा अन्वेषणकर्ता सञ्जय थाश्रेष्ठले जानकारी दिए। उनले काठमाडौं उपत्यकामा पहिलोपटक भक्तपुरको मनोहरामा देखिएको बताए।

पक्षी पथ प्रदर्शक शङ्कर तिवारीले मनोहरामा 'लेसर ग्रे स्राइक' भेटेपछि तस्बिर कैद गर्दै काठमाडौं उपत्यकासँगै नेपालको पहाडी भेगका लागि पहिलो अभिलेख गरिएको जानकारी दिए।

नेपालमा पहिलोपटक गत वर्षको वैशाख अन्तिम साता राष्ट्रिय प्रकृति संरक्षण कोषका वन्यजन्तु प्राविधिक देवराज जोशीले शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको पूर्वी तटीय क्षेत्रमा यो चरा देखेका थिए। उक्त चरालाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विज्ञहरूको टोलीले नेपालका लागि पहिलो भएको पुष्टि गरेको पक्षी अनुसन्धानकर्ता थाश्रेष्ठले जानकारी दिए।

गौथलीझैं देखिने, निधार र टाउकोमा कालो रङ तथा कालो पखेटाको मध्य भागमा सेतो रङ हुने र लामो दूरीसम्म उड्न सक्ने यो चरा भक्तपुरमा असार लागेपछि जोडी नै देखिएको उनले बताए।

युरोप र पश्चिम एशियाका पानी कम पर्ने स्थान मरुभूमि आसपासका भेग र भारतको राजस्थान, पाकिस्तान, अफगानिस्तानका सुक्खा भेगमा लेसर ग्रे पाइने उनले जानकारी दिए।

यो सँगै मनोहरामा पक्षीका करीब तीन सय प्रजाति अभिलेख भएका छन्।

एक महीनाअघि मनोहरामा 'जल कुखुरा' पनि देखिएको थियो। नेपालका अन्य भेगमा प्रायः नपाइने 'ठूलो कस्दरी' जलपक्षी २०७९ भदौमा, सोही वर्ष ७ भदौमा मनोहरामा सेतो पङ्खे फ्यालफ्याले र २०७८ असोज अन्तिम साता मनोहरा खोला किनारमा १९२ वर्षपछि पानी गौथली देखिएको अनुसन्धानकर्ता थाश्रेष्ठले जानकारी दिए।

**बन्ने होइन त ...**

गर्छन्। यसैले तपाईं जति छिटो लगानीमा कम्पाउन्डिङ गर्न थाल्नुहुनेछ, लगानीले चमत्कार देखाउन उति नै छिटो सम्भव रहन्छ। राम्रो सुरुआतले राम्रो अन्त्यमा पुऱ्याउँछ।

(लेखक धितोपत्र बजारका लगानीकर्ता हुन्/रासस)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्तकुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. प्रियंका चौधरी, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा विषाक्त मदिरा पिउँदा ३४ जनाको मृत्यु

मुम्बई, ६ असार/एएफपी

भारतमा विषाक्त अवैध रक्सीको सेवनबाट कम्तीमा ३४ जनाको ज्यान जानुका साथै एक सयभन्दा बढीलाई अस्पताल भर्ना गरिएको तमिलनाडु राज्यका अधिकारीले बिहीवार सञ्चारमाध्यमलाई जानकारी गराएका छन् ।

स्थानीयरूपमा उत्पादन गरिएको उक्त पेय पदार्थ घातक मिश्रण विषाक्त मेथानोलले भरिएको मुख्यमन्त्री स्टालिनलाई उद्धृत गरी पिटिआईले जनाएको छ ।

घटनामा दोषी भनिएका आरोपितलाई प्रहरीले पक्राउ गरी अनुसन्धान शुरू गरेको मुख्यमन्त्री स्टालिनले बताए । अपराधले समाजलाई बर्बाद गर्ने बताउँदै यस्ता घटनामा संलग्न सबैलाई कडा कानूनी कारबाई हुने उनले बताएको मुख्यामन्त्रीको कार्यालयद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

मदिराको शक्ति बढाउनका लागि रक्सीमा प्रायः मेथानोल मिसाइन्छ, जसले अन्धोपन, कलेजोको क्षति र मृत्युसमेत निम्त्याउन सक्छ ।




घटनासँग सम्बन्धित १०० भन्दा बढी व्यक्ति अस्पतालमा भर्ना भएका राज्यको कल्लाकुरिची जिल्लाका शीर्ष सरकारी अधिकारी प्रशान्तलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

तमिलनाडुका राज्यपालले सामाजिक सञ्जाल एक्समा धेरै पीडितको स्वास्थ्य गम्भीर अवस्थामा रहेको उल्लेख गर्दै मृतकप्रति गहिरो शोक व्यक्त गरे ।

गत वर्ष पूर्वी भारतीय राज्य बिहारमा विषाक्त मदिरा सेवन गर्दा कम्तीमा २७ जनाको मृत्यु भएको थियो भने सन् २०२२ मा गुजरातमा कम्तीमा ४२ जनाको मृत्यु भएको थियो । रासस

# रूसले उत्तर कोरियासँग गरेको सम्झौताप्रति जापानको चासो

टोकियो, ६ असार/एएफपी

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले उत्तर कोरियाको सैन्य र प्राविधिक सहयोग स्वीकार गर्नेगरी भएको सम्झौतामा जापान गम्भीररूपमा चिन्तित भएको सरकारी प्रवक्ताले बिहीवार बताएका छन् ।

प्योङयाङमा बुधवार उत्तर कोरियाली नेता किम जोङ–अनसँगको भेटवार्तामा राष्ट्रपति पुटिनले आक्रमणको समयमा एकअर्कालाई सहयोग गर्ने प्रतिबद्धताका साथ रणनीतिक सम्झौतामा हस्ताक्षर गरेका थिए ।

बुधवार हस्ताक्षर भएको सम्झौताअनुरूप रूसले उत्तर कोरियासँग सैन्य–प्राविधिक क्षेत्रमा आवश्यकता अनुसार सहकार्य गर्ने रूसी राष्ट्रपति पुटिनले सम्झौतापछि उत्तर कोरियाली सञ्चारमाध्यमसँगको कुराकानीमा बताएका थिए ।

"यस प्रकारको सहकार्यले हाम्रा देश र वरपरका क्षेत्रको सुरक्षा सन्दर्भमा संयुक्त राष्ट्र सुरक्षा परिषद्‌को सङ्कल्पको प्रत्यक्ष उल्लङ्घन गर्छ," जापान सरकारका प्रवक्ता योशिमासा हयासीले बताए ।

"राष्ट्रपति पुटिनले उत्तर कोरियासँग सैन्य–प्राविधिक सहयोग स्वीकार गरेको तथ्यलाई लिएर जापान गम्भीररूपमा चिन्तित छ," उनले भने । राष्ट्रपति पुटिनले उत्तर कोरियामाथि संयुक्त राष्ट्रसङ्घले लगाएको प्रतिबन्धको समीक्षा गर्नुपर्ने पनि बताए ।

"अन्तर्राष्ट्रिय समुदायको इच्छाविपरीत रूसले उत्तर कोरियाबाट ब्यालेस्टिक क्षेप्यास्त्रसहित हतियार र गोलाबारुद खरीद गरेको छ र संयुक्त राष्ट्र सुरक्षा परिषद्‌को सङ्कल्पको स्पष्ट उल्लङ्घन गर्दै युक्रेन आक्रमणमा प्रयोग गर्दै आएको छ," उनले भने । रासस

# 'विश्वका हरेक पाँचमध्ये चार व्यक्तिले जलवायु परिवर्तनविरुद्ध सरकारको प्रतिबद्धता चाहन्छन्'

संयुक्त राज्य अमेरिका, ६ असार/एएफपी

विश्वका प्रत्येक पाँचमध्ये चार व्यक्तिले आफ्नो देशले जलवायु परिवर्तनसम्बन्धी प्रतिबद्धतालाई बलियो बनाउनुपर्छ भन्ने धारणा राखेको संयुक्त राष्ट्रसङ्घीय एक सर्वेक्षण देखाएको छ ।

बिहीवार प्रकाशित सर्वेक्षण रिपोर्टमा विश्वभरका ७५ हजार व्यक्तिले भाग लिएका थिए ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी), अक्सफोर्ड विश्वविद्यालय र जियोपोलले गरेको सर्वेक्षणमा विश्वको ८७ प्रतिशत जनसङ्ख्याको प्रतिनिधित्व गर्ने ७७ देशका मानिसहरूलाई टेलिफोन सम्पर्कद्वारा १५ वटा प्रश्न सोधिएको थियो । उनीहरूमध्ये ८० प्रतिशत उत्तरदातामा आफ्नो सरकारले विश्वव्यापी तापमानविरुद्ध लड्ने प्रयासहरू बढाउनुपर्ने चाहना रहेको सर्वेक्षणको निष्कर्ष रहेको छ ।

विश्वको सबैभन्दा बढी हरितगृह ग्याँस उत्सर्जक चीन र संयुक्त राज्य अमेरिकाका उत्तरदाता पनि जलवायु परिवर्तन व्यवस्थापन कार्यको पक्षमा रहेको सर्वेक्षणले देखाएको छ ।

"विश्व समुदायको नेतृत्वले सन् २०२५ सम्ममा पेरिस सम्झौता अन्तर्गत अर्को चरणको प्रतिज्ञा गर्ने निर्णय गरिरहँदा विश्वको जनसङ्ख्याले जलवायु व्यवस्थापन कार्यलाई समर्थन गरेको यो सर्वेक्षण निर्विवाद प्रमाण हुन सक्छ," युएनडिपीका अन्तर्राष्ट्रिय जलवायु निर्देशक क्यासी फ्लिनले भने ।

सर्वेक्षण गरिएका ७७ देशमध्ये ६२ देशका अधिकांश उत्तरदाताले जीवाश्म इन्धनबाट स्वच्छ ऊर्जाको प्रयोगतर्फ परिणत हुनुपर्ने बताएका थिए ।

विश्वव्यापी तापमान पनि हाल चिन्ताको विषय बनेको सर्वेक्षणले देखाएको छ ।

उत्तरदातामध्ये ५६ प्रतिशतले हप्तामा कम्तीमा एकपटक जलवायु परिवर्तनको बारेमा सोच्ने बताएका छन् । साथै आधाभन्दा बढी ५३ प्रतिशत जनसङ्ख्याले गत वर्षको तुलनामा जलवायु परिवर्तन थप चिन्ताको विषय बनेको बताएका छन् ।

सर्वेक्षणमा दुई तिहाइभन्दा बढी ६९ प्रतिशत उत्तरदाताले बढ्दो विश्वव्यापी तापमानले जीवनयापनमा असर पारेको बताएका छन् ।

युएनडिपीका प्रमुख अचिम स्टेनरले यी विषय चुनावी र उपभोक्ता निर्णयहरूमा अनुवाद नहुने बताए ।

"म त गर्छु तर अरूले गर्दैनन् । मैले मात्र गरेर केही हुँदैन," स्टेनरले जलवायु व्यवस्थापन कार्यमा मानिसहरूको धारणा उद्धृत गर्दै भने । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – कष्टानुभूति | वृष – नारीसुख |
| मिथुन – धनलाभ | कर्कट – सन्तानसुख |
| सिंह – वाहनकष्ट | कन्या – मित्रमिलन |
| तुला – धनलाभ | वृश्चिक – अन्नलाभ |
| धनु – व्यर्थभ्रमण | मकर – प्रसन्नता |
| कुम्भ – पदोन्नति | मीन – राज्यलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड

पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# आइतवारसम्म देशभर मनसुन फैलिने

काठमाडौं, ६ असार/रासस

आगामी आइतवारसम्म देशभर मनसुन फैलिने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग अन्तर्गत मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाकी मौसमविद् प्रतिमा मानन्धरका अनुसार आजसम्म मनसुन मुलुकको पूर्वी भूभाग हुँदै लुम्बिनी प्रदेशसम्म पुगेको छ । सामान्यतया जून १३ मा मनसुन नेपाल भित्रिने भएपनि यस वर्ष जून १० मा मनसुन मुलुकको पूर्व क्षेत्रबाट भित्रिन शुरू गरेको थियो । पश्चिमी वायुको प्रभावका कारण सुदूरपश्चिम तथा मुलुकको पश्चिमी क्षेत्रमा मनसुन फैलिन समय लागिरहेको उनले जानकारी दिइन् ।

"नेपालमा १० दिन भयो मनसुन शुरू भएको तर अझै पनि पश्चिम र सुदूरपश्चिम क्षेत्रसम्म पुग्न सकिरहेको छैन," मानन्धरले भनिन्, "आइतवारसम्म मुलुकभर मनसुन फैलिएपछि तातो हावाको लहरको जोखिम बिस्तारै हट्दै जानेछ ।" उनका अनुसार अघिल्लो वर्ष नेपालमा मनसुन भित्रिएको तीन सातापछि मात्रै देशभर फैलिएको थियो ।

महाशाखाका अनुसार हाल देशको पूर्वी भूभागमा मनसुनी प्रणालीको प्रभाव रहेको छ भने बाँकी भूभागमा स्थानीय वायु तथा भारतको बिहार आसपास रहेको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव रहेको छ ।

आगामी शनिवारसम्म कोशी र गण्डकी प्रदेशका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको भन्दै महाशाखाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

### मधेसमा ...

भ्रमका जालहरू बुनिरहेकोसमेत उनले आरोप लगाए । उनले नेपालमा सबैभन्दा बढी उपेक्षित मधेस र मधेसी नै भएकोले यसको उत्थानका लागि मोर्चालाई पुनर्जीवन दिने आवश्यकता महसूस गरेर भ्रष्टाचारविरोधी अभियान शुरू गर्न लागिएको जानकारी दिए । प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य एवं पर्सा इन्चार्ज नीरज पिठाकोटेको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा विजय महतो, जगत यादवलगायतको सहभागिता थियो ।

### शिक्षक ...

विकास केन्द्रमार्फत दलीय राजनीतिक आबद्धता त्याग्न निर्देशन दिएको थियो । केन्द्रले राजनीतिक दलको कार्यकारिणी समितिका सदस्य रहेको शिक्षक र कर्मचारीलाई कारबाई गर्न सबै जिल्लास्थित शिक्षा विकास तथा समन्वय एकाइलाई निर्देशन दिएको थियो ।

शिक्षा ऐन २०२८ (नवौं संशोधन), राजनीतिक दलसम्बन्धी ऐन, २०७३ र शिक्षा नियमावली २०५९ ले शिक्षकलाई राजनीतिक दलमा आबद्धता हुन नपाइने व्यवस्था गरेको छ ।

सो सम्बन्धमा पाटन उच्च अदालतले २०७९ जेठ ४ मा उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न गराउन सरकारका नाममा परमादेश जारी गरेको थियो ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ र दफा ५७, शिक्षा ऐन, २०२८ को दफा १६ (ङ) को उपदफा (५) को खण्ड (छ) मा रहेको कानूनी व्यवस्थाको स्पष्ट उल्लेखसहित जिल्ला तहमा पत्राचार भएपछि दलीय आबद्धतामा रहेका शिक्षकले राजीनामा दिन थालेका छन् ।

### बन्ने होइन त ...

लैजानेहरूले पछि घण्टौंसम्म व्यायाम गर्ने आफ्नो व्यवहारको विकास गर्न सफल हुन्छन् । यो एकै दिनमा नभई प्रत्येक दिन एउटा ढुङ्गा पुलबाट खोलामा फ्याँकेर बाटो बनाए जस्तै हो ।

भारतको बिहारमा रहेको गेहलौर गाउँमा दशरथ माझी बस्ने गर्थे । यस ठाउँको अगाडि एक भीमकाय पहाड थियो । यसलाई छिचोलेर अर्को गाउँमा जान असम्भव थियो । यस पहाडले थुप्रैको जीवन निलेको थियो । यस्तैमा उनको पत्नीलाई पनि यसले हत्या गरेको थियो । पत्नीको वियोगमा उनले अठोट गर्छन् कि म यस हत्यारा पहाड छेडेर बाटो बनाउनेछु, यसले कसैलाई निल्न सक्ने छैन ।

उनी आफ्नो प्रतिज्ञा पूरा गर्न पहाडतिर हातमा हथौडा बोकेर निस्कन्छन् । सारा गाउँवासी र उनलाई देख्नेहरू माझी पागल भयो भन्ने गर्थे तर उन्ले भित्ता कोतार्न छोडेनन् ।

करीब २२ वर्षको अथक मेहनतपछि एक्लैले बाटोभन्दा ठूलो सडक बनाएर देखाइदिए । आज उनलाई संसारभर 'माउन्टेन म्यान' भनेर चिनिन्छ । यसैले सोच्नुहोस्, प्रयास गर्नुहोस् र पाउनुहोस् ।

सुरुआत आजै गरौं, मासिक रु पाँच हजार लगानी र वार्षिक १२ प्रतिशत प्रतिफलमा धितोपत्र बजार, सरकारी बन्ड र बैंकहरूमा फिक्स डिपोजिटलगायतका उपकरणमा टेबलमा देखाइए जस्तै योजनाबद्ध ढङ्गबाट लगानी गरी करोडपति यात्रा थालनी गरौं ।

वारेट बफेटले आफ्ना अन्तर्वार्ताहरूमा भनेका छन्, पहिलो शेयर कारोबारमा धैर्यता राख्न नसक्दा धेरै मुनाफा छोड्नुपरेको थियो । तब उनका बुबाले उनलाई हिउँको बीचमा लगेर त्यसलाई देखाउँदै भनेका थिए लगानी र हिउँको डल्लो उस्तै हो ।

हेर यो हिउँको डल्लोलाई जति टाढासम्म गुडाउन सक्छौं, अरू हिउँहरू जोडिएर धेरै ठूलो डल्लो बन्दै जानेछ । लगानी पनि यस्तै हो, जति धेरै लामो समयसम्म छोड्न सक्छौं, त्यति धेरै हुने निश्चित छ ।

त्यसपछि बफेटले सधैं लामो दौडको घोडामा लगानी गर्न सिकेका कारण उनी संसारका सफल लगानीकर्ता बन्न सम्भव भयो । हामीले पनि लगानी लामो समयको लागि छनोट गर्न सक्यौं भने सफलताहरू हात पर्ने निश्चित छ ।

चीनमा पाइने एउटा बाँसको प्रजाति छ, जसको बिरुवालाई चार वर्षसम्म पानी हाल्ने र गोडमेल गर्ने गरे पनि फस्टाएको देख्न सकिन्न । तर पाँचौं वर्षमा जब बाँस फस्टाउन थाल्छ र छ हप्ताभित्रै ९० फिट लामो हुन पुग्छ ।

अनि प्रश्न के उठ्छ भने बाँस छ हप्तामा फस्टाएको हो ? यदि चार वर्षसम्म हेरविचार नगरेको भए फस्टाउँथ्यो होला त ? पक्कै पनि फस्टाउँदैनथ्यो । यस घटनाले के कुरा स्पष्ट गर्छ भने हामीले धैर्य राख्नुपर्छ र सही काम गर्दै जानुपर्छ ।

परिणाम अहिल्यै नदेखिए पनि केही न केही भइरहेकै हुन्छ । लगानीमा पनि कम्पाउन्डिङको शक्ति यस्तै हुने गर्छ । यसैले सम्पन्नताको आधार लगानी र लगानी सफलताको सजिलो उपाय कम्पाउन्डिङ शक्तिको प्रयोगलाई अभ्यासमा ल्याउनु हो ।

कम्पाउन्डिङको चटकलाई बुझेर वर्षमा गरिएको केही हजारको लगानीले करोडपति बन्न सम्भव रहेको हुँदा आफ्नो वित्तीय रणनीति बनाउँदा कम्पाउन्डिङलाई विशेष ध्यान दिन आवश्यक छ ।

पुस्तक 'लिभिङ द एटी ट्वान्टी वे'का लेखक रिचार्ड कोचका अनुसार २० प्रतिशत धनाढ्यले कम्पाउन्डिङ मिराकलका कारण ब्रह्माण्डको ८० प्रतिशत सम्पत्ति नियन्त्रणमा राख्न सम्भव भएको छ ।

तर कम्पाउन्डिङको प्रयोग र महत्त्व बुझ्न नसक्दा ८० प्रतिशत मानिसले २० प्रतिशत सम्पत्तिमा निर्वाह गर्नुपरेको छ ।

स्मार्ट लगानीकर्ता बढी प्रतिफल पाउन चक्रीय ब्याजदरको प्रयोग गर्ने

(बाँकी चौथौं पातामा)

### मोटरसाइकल चोरी भएको सूचना सच्याइएको

चेसिस नं MD634BE47L2C00144, इन्जिन नं BE4CL2400185 भएको प्र२–०३–००८प ८३४६ नम्बरको १६०.५ सिसीको रातो रङ्गको अपाचे मोटरसाइकल २०८०/११/०६ गते दिउँसो ४:५० बजे वीरगंज महानगर पालिका–१४ चिनीमिल पिपरास्थित पार्किङस्थलबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८४५२५६१३६ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ ।

-उमेशप्रसाद कुशवाहा
बहुदरमाई नपा-६, पर्सा

People Promote Centre, Estd. 2004, Dhanusha

विज्ञापन नं १३३४७७

दोस्रोपटक प्रकाशित सूचनाः २०८१/०३/०५

यस पकाहामैनपुर गाउँपालिकासँगको सहकार्यमा युरोपियन युनियन, फिनल्यान्ड सरकार, युनिसेफ नेपाल तथा पिपल प्रमोट सेन्टर (पिपिसी)को साझेदारीमा सञ्चालित **गुणस्तरीय शिक्षाको लागि स्थानीय तह तथा विद्यालयहरूको क्षमता अभिवृद्धि कार्यक्रम** अन्तर्गत पकाहामैनपुर गाउँपालिकामा Common Education Package स्थानीय तह विद्यालय शिक्षा क्षेत्र योजना तयारी तथा कार्यान्वयन, बालमैत्री विद्यालय प्रारूप र प्रणाली स्थापना तथा सबलीकरण, प्रारम्भिक बालविकास तथा शिक्षा एवं विद्यालयहरूमा समतामूलक पहुँच तथा सिकाइ प्रवर्धनलगायतका क्रियाकलापहरूको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सहयोग गर्न एकजना बालविकास संयोजक (Child Development Coordinator) पदको लागि यो विज्ञापन गरिएको छ ।

इच्छुक तथा योग्य उम्मेदवारले मिति २०८१ असार १० गते ५ बजेसम्म इमेल ठेगाना ppc2063@yahoo:com वा ppc2063@gmail.com मा आफ्नो आवेदन तथा reference सहितको CV पेश गर्नुहुन आह्वान गरिन्छ ।

| जिल्ला | स्थानीय तह | पद | आवश्यक सङ्ख्या | आवश्यक शैक्षिक योग्यता | न्यूनतम अनुभव |
|---|---|---|---|---|---|
| पर्सा | पकाहामैनपुर गाउँपालिका | बालविकास संयोजक | एकजना | शिक्षा वा समाजशास्त्र विषयमा स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने । | शिक्षा वा सामाजिक परिचालनको क्षेत्रमा कम्तीमा एक वर्ष कार्य अनुभव भएको । |

नोटः सम्बन्धित स्थानीय तह तथा योग्य महिला उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

# सर्लाहीमा सवारी दुर्घटना, तीनजनाको मृत्यु

नितेश कर्ण, सर्लाही, ६ असार/

बाग्मती नगरपालिकाको रायमाझी चोकमा बिहीवार बिहान भएको सवारी दुर्घटनामा तीनजनाको मृत्यु भएको छ भने १६ जना घाइते भएका छन्।

पूर्व–पश्चिम राजमार्गस्थित बाग्मती नगरपालिका–११ रायमाझी चोकमा रोकिएको भारतीय नम्बरको लरीमा लु.१ख ८८४८ नम्बरको बस ठोक्किंदा रूपन्देहीको मायादेवी गाउँपालिका निवासी हरिबहादुर चौधरी, ८५ वर्षीय दशरथ कोहार र ५० वर्षीय रामकरण केवटको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले जनाएको छ।

भैरहवाबाट जनकपुर जाँदै गरेको बसले ओभरटेक गर्ने क्रममा लरीको पछाडिको भागमा ठक्कर दिंदा दुर्घटना भएको जिप्रका, सर्लाहीले जनाएको छ। दुर्घटनापछि प्रहरीले घाइतेहरूको उद्धार गरेको थियो।



बसमा ४० जना सवार रहेका र दुर्घटनामा १६ जना घाइते भएका जिप्रका, सर्लाहीले जनाएको छ।

# मेरो अभिव्यक्ति आघात पुऱ्याउने होइन –सभापति क्षत्री

प्रस, वीरगंज, ६ असार/

नेपाली काङ्ग्रेस पर्साका सभापति जनार्दन सिंह क्षत्रीले बिहीवार प्रेस विज्ञप्तिमार्फत आफ्नो अभिव्यक्तिबाट कुनै व्यक्ति समुदायलाई चोट पुगेको भए क्षमा मागेका छन्।

उनले गत जेठ १९ गते जिल्ला कार्यसमितिको बैठकमा आफूले कसैको भावनामा आघात पर्नेगरी अभिव्यक्ति नदिएको भन्दै आफूले दिएको अभिव्यक्तिबाट कसैलाई चोट पुगेको भए क्षमाप्रार्थी छु, विज्ञप्तिमा भनेका छन्।



नेकाले जात, लिङ्ग, भाषा, रङ्ग, समुदायको सम्मान गर्दै आइरहेको र आफूले पनि पार्टीको नीति अङ्गीकार गरेको भन्दै आफ्नो मनसाय कसैलाई आघात पुगोस् भन्ने नरहेको तर पनि यसबाट कसैलाई आघात पुगेको भए म क्षमाप्रार्थी छु, उनले भने। सभापति क्षत्रीको अभिव्यक्तिबाट थारू समुदाय रिसाएको थियो र उनीहरूले सभापतिले माफी माग्नुपर्ने कुरा उठान गरेपछि सभापति क्षत्रीले आज विज्ञप्तिमार्फत क्षमा मागका हुन्।


## डढेलोबाट बचौं र बचाऔं।

सानो असावधानीले डढेलोबाट जङ्गल मात्र होइन, आसपासका बस्तीसमेत उजाड हुन सक्छन्।

त्यसैले,

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं, गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग आगो निभाऔं,
- जङ्गल र बस्तीका बीचमा अग्निरेखा निर्माण गरौं,
- जङ्गलमा आगो लगाउने व्यक्तिका बारेमा प्रहरीलाई खबर गरौं,
- आगो निभाउन जाँदा सुरक्षाका उपाय अवलम्बन गरौं,
- जन, धन र वनको संरक्षण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | महावाणिज्य दूतावास | योग दिवस | पुरानो बसपार्क आदर्शनगर | ५:३० |

## जीतपुरसिमराको नगरसभा स्थगित

प्रस, जीतपुर, ६ असार/

बिहीवार भनिएको जीतपुरसिमरा उपमहानगरपालिकाको १०औं नगरसभा बैठक स्थगित भएको छ।

नगरप्रमुख राजन पौडेलले सूचना जारी गर्दै आजको नगरसभा बैठक स्थगित गरी शनिवार बोलाइएको छ।

जीतपुरसिमरा उपमहानगरपालिकाको नगरसभा सञ्चालन नियमावली, २०७५ को नियम ५ को उपनियम (१) बमोजिम नगरसभाको गणपूरक सङ्ख्या ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित हुनुपर्नेमा सो अनुसार उपस्थित नभएको कारणले आजको बैठक स्थगित गरिएको नगरप्रमुख पौडेलले बताए।

उनले सोही नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम अर्को बैठक असार ८ गते शनिवार जीतपुरमा हुने जानकारी गराएका छन्।

## सङ्कल्पमा आगलागी, लाखौंको क्षति



तस्वीरः प्रतीक

प्रस, परवानीपुर, ६ असार/

वीरगंजस्थित जिल्ला प्रहरी कार्यालय, पर्सानजीकै सञ्चालनमा रहेको सङ्कल्प लोकसेवा तयारी कोचिङ सेन्टरमा आगलागी भएको छ। गएराति साढे १० बजे सो सेन्टरमा आगलागी भएर लाखौं मूल्य बराबरको धनमाल क्षति भएको जनाइएको छ।

सेन्टरका सञ्चालक अशोक साहले आगलागीमा कोचिङ सेन्टरमा रहेको तीन लाख मूल्य पर्ने तीनवटा स्मार्ट स्क्रिन बोर्ड, एसी, पङ्खा, टेबल, कुर्सी, सोफालगायतका थुप्रै सामान जलेर नष्ट भएको बताए। उनले करीब ५० लाख मूल्य बराबरको क्षति भएको दाबी गरे।

# खेलकूदको संसार

## इङ्ल्यान्डले वेस्ट इन्डिजलाई आठ विकेटले हरायो

काठमाडौं, ६ असार/रासस

आइसिसी टी–२० विश्वकप क्रिकेट २०२४ अन्तर्गत सुपर आठको आफ्नो पहिलो खेलमा इङ्ल्यान्डले वेस्ट इन्डिजलाई आठ विकेटले पराजित गरेको छ।



इङ्ल्यान्डका क्याप्टेन आउटको लागि अपील गर्दै। तस्वीरः एपी

वेस्ट इन्डिजले दिएको १८१ रनको विजयी लक्ष्य पछ्याएको इङ्ल्यान्डले १७ दशमलव तीन ओभरमा दुई विकेट गुमाउँदै पूरा गऱ्यो। इङ्ल्यान्डका लागि फिल साल्टले अविजित ८७ रनको योगदान दिए। उनले ४७ बलमा सात चौका र पाँच छक्काको मदतमा ८७ रनको योगदान गरेका थिए।

जोनी बेयरस्टोले ४८ रन बनाउँदा कप्तान जोस बटलरले २५ र मोइन अलीले १३ रन बनाए। बलिङतर्फ वेस्ट इन्डिजका आन्द्रे रसेल र रोसटन चेसले समान एक/एक विकेट लिए।

त्यस अघि सेन्ट लुसियामा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १८० रनको योगफल बनाएको थियो।

वेस्ट इन्डिजका लागि जोनसन चार्ल्सले ३४ बलमा चार चौका र एक छक्का प्रहार गर्दै सर्वाधिक ३८ रनको योगदान दिए। उनले निकोलस पुरन र रोभम्यान पावेलले समान ३६/३६ रन बनाए। त्यस्तै, शार्फेन रदरफोर्डले २८ रन बनाउँदा ब्रान्डोन किङले २३ रन जोडे।

इङ्ल्यान्डका जोफ्रा आर्चर, आदिल रशिद, मोइन अली र लियाम लिभिगस्टनले समान एक/एक विकेट लिए।

## विश्वकपको सुपर आठमा दक्षिण अफ्रिकाद्वारा अमेरिका पराजित

काठमाडौं, ६ असार/रासस

आइसिसी टी–२० विश्वकप २०२४ को पहिलो सुपर आठमा दक्षिण अफ्रिकाले अमेरिकालाई पराजित गरेको छ। दक्षिण अफ्रिका अमेरिकालाई १८ रनले पराजित गर्दै विजयी भएको हो।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार १९५ रनको लक्ष्य पछ्याएको अमेरिका निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १७६ रनमा समेटियो। अमेरिकाका एन्ड्रिस गौसले सर्वाधिक ८० रन बनाए। उनले ४७ बलमा पाँच चौका र पाँच छक्कासहित ८० रनको योगदान दिए।

त्यस्तै, हरमित सिंहले २२ बलमा दुई चौका र तीन छक्कासहित ३८ रन बनाए। स्टिभन टेलरले २४, नितेश कुमारले आठ तथा कोरी एन्डरसनले १२ रन जोडे।

दक्षिण अफ्रिकाका कागिसो रबाडाले तीन विकेट लिए भने केशव महाराज, एनरिच नोर्किया र तबरेज शाम्सीले समान एक/एक विकेट लिए।

त्यस अघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै १९४ रनको योगफल बनाएको थियो। क्विन्टन डि ककले सर्वाधिक ७४ रनको योगदान दिए। उनले ४० बलमा सात चौका र पाँच छक्कासहित ७४ रन बनाएका थिए।

कप्तान एडेन माक्रमले ३२ बलमा चार चौका र एक छक्कासहित ४६ रन जोडे भने हेनरिक क्लासेन २२ बलमा तीन छक्कासहित ३६ रनमा बनाए। ट्रिस्टन स्टब्सले १६ बलमा दुई चौकासहित २० रन बनाए। अमेरिकाका हरमित सिंह र सौरभ नेत्रवालकरले समान दुई/दुई विकेट लिए।

## विश्वकप क्रिकेट खेलेर स्वदेश फर्कियो नेपाली टोली

काठमाडौं, ६ असार/रासस

आइसिसी टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको समूह चरणको खेल खेलेर नेपाली क्रिकेट टोली बिहीवार स्वदेश फर्किएका छन्। अमेरिका र वेस्ट इन्डिजमा भएको विश्वकप क्रिकेट प्रतियोगितामा नेपालले चार खेल खेलेकामा तीनमा हार तथा एक खेल बराबरी खेलेको थियो। नेपाली टोलीलाई क्यानका पदाधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गरेको थियो।

विश्वकप क्रिकेटमा नेपाल समूह 'डी'मा परेको थियो। नेपालको समूहमा दक्षिण अफ्रिका, बङ्गलादेश, श्रीलङ्का र नेदरल्यान्ड्स रहेका थिए। नेपालले अमेरिकामा दुई खेल र वेस्ट इन्डिजमा समान दुई खेल खेलको थियो। अमेरिकामा भएको आफ्नो पहिलो खेलमा नेपाल नेदरल्यान्ड्ससँग छ विकेटले पराजित भएको थियो।

त्यस्तै, श्रीलङ्काविरुद्धको दोस्रो खेल वर्षाका कारण रद्द भएसँगै दुवै टोलीले समान एक/एक अङ्क बाँडेका थिए। त्यसपछि वेस्ट इन्डिजमा भएको दक्षिण अफ्रिकाविरुद्धको खेलमा नेपाल एक रनको झिनो अन्तरले पराजित भएको थियो। त्यस्तै, समूह चरणको अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएसँगै नेपालको विश्वकप यात्रा समाप्त भएको थियो।

विश्वकपमा नेपालसँगै श्रीलङ्का र नेदरल्यान्ड्स प्रतियोगिताबाट बाहिरिएका थिए। त्यस्तै, दक्षिण अफ्रिका र बङ्गलादेश भने सुपर आठमा पुगे। दक्षिण अफ्रिका समूह 'डी'को शीर्ष र बङ्गलादेश दोस्रो स्थानमा रहँदै सुपर आठमा पुगेका हुन्।

# कबीर प्रकट दिवस प्रारम्भ



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ६ असार/

कबीर प्रकट दिवस बिहीवारदेखि शुरू भएको छ। आजदेखि ८ गतेसम्म आयोजित तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा कार्यक्रम पाठ प्रकाश गरी प्रारम्भ भएको छ।

यो दिवस भारतका नौवटा र नेपालको सतलोक आश्रम धनुषाका साथै विश्वका विभिन्न देशहरूमा मनाइँदैछ।

धनुषा जिल्लाको मिथिला नगरपालिका–२ बेलाचापीस्थित सतलोक आश्रममा आज बिहान ९:१५ बजेदेखि शुरू भएको कार्यक्रममा अमरग्रन्थ साहेबको पाठ प्रसङ्ग उल्लेख गरिएको थियो।

कार्यक्रममा उल्लेख्य सङ्ख्यामा भक्तजन एवं प्रसिद्ध व्यक्तिहरूको सहभागिता छ। आजको कार्यक्रममा मधेस प्रदेशका वन तथा वातावरण मन्त्री त्रिभुवन साह, सिराहाका प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल, सप्तरी जिल्ला समन्वय समितिका सभापति शिवनारायण साहलगायत विभिन्न स्थानीय पालिकाका प्रमुखहरूको सहभागिता थियो। आगन्तुकहरूका लागि शुद्ध घ्युको लडडु, जेरी, बर्फी, हलुवा प्रसादका साथै पुरी, तरकारी, सलाद, दाल, भात, अचार आदि खानाको विशाल भण्डाराको व्यवस्था गरिएको थियो। कार्यक्रममा कबीर साहेबको जीवनलीला चित्रण गर्ने आध्यात्मिक प्रदर्शनीहरू पनि लगाइएको छ। आश्रमले जुनसुकै धर्मावलम्बीका व्यक्ति पनि कार्यक्रममा सहभागी भएर प्रसाद ग्रहण गर्न सक्ने र जति सङ्ख्यामा श्रद्धालु आए पनि सबैलाई निश्शुल्क भोजन गराउन तयार रहेको जनाएको छ। कार्यक्रमको दोस्रो दिन भोलि दाइजोमुक्त विवाह, रक्तदान शिविर गरिने आयोजकले जनाएको छ।

कार्यक्रमको पहिलो दिन आज करीब दुई लाख श्रद्धालुको सहभागिता रहेको आयोजकले जनाएको छ।